नेपाल सरकार
अर्थ मन्त्रालय
नेपाल राजस्व परामर्श समिति
भन्सार परिसर, त्रिपुरेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-४११७०३३, ४११७०४१
ईमेल: info@nrab.gov.np, वेबसाइट: www.nrab.gov.np

# नेपाल राजस्व परामर्श समितिको आर्थिक वर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन

## २०७८




नेपाल सरकार
अर्थ मन्त्रालय
नेपाल राजस्व परामर्श समिति
भन्सार परिसर, त्रिपुरेश्वर, काठमाडौं, नेपाल

# नेपाल राजस्व परामर्श समितिको
# आर्थिक वर्ष २०७७/७८ को
# बार्षिक प्रतिवेदन
# २०७८

नेपाल सरकार

अर्थ मन्त्रालय

## नेपाल राजस्व परामर्श समिति

(Nepal Revenue Advisory Board)

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

साउन, २०७८

# भूमिका

राजस्व परिचालन तथा ब्यवस्थापनका क्षेत्रमा नेपाल सरकारलाई सुझाव दिने मुलभूत उद्देश्यका साथ स्थापित नेपाल राजस्व परामर्श समितिले आफ्नो स्थापनाको एक बर्ष पुरा गरेको छ। स्थापनाको बर्ष भएकोले कार्यालयको संस्थागत प्रबन्ध, पूर्वाधार विकास, जनशक्ति ब्यवस्थापन, कार्यप्रणाली निर्धारण जस्ता आधारभूत कार्यहरु अर्थ मन्त्रालय र भन्सार विभागसंगको समन्वयमा समितिले सम्पन्न गरेको छ।

समितिको उद्देश्य अनुरुप आर्थिक बर्ष २०७७/७८ को राजस्व प्रक्षेपण, असूली, समस्या र चुनौतीका सम्बन्धमा अर्द्धबार्षिक प्रतिबेदन माननीय अर्थमन्त्री समक्ष २०७७ माघमा प्रस्तुत गरिएको थियो। त्यसैगरी विषयगत अध्ययन र अनुसन्धान, सरोकारवालाहरुसंगको अन्तर्क्रिया र छलफल, उप-समितिहरुले दिएका राय र सुझाव, व्यावसायिक र पेशागत संघ संस्था एवं सर्वसाधारणबाट प्राप्त सुझाव संकलन गरी सो को विश्लेषणका आधारमा तयार पारिएको राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ समेत माननीय अर्थमन्त्री समक्ष २०७८ बैशाख मसान्तका दिन प्रस्तुत गरिएको थियो ।

समितिले गरेका उल्लिखित कार्यहरुका अतिरिक्त आर्थिक बर्ष २०७७/७८ मा सम्पादन गरेका प्रमुख उपलव्धीहरु, बजेट बिनियोजन, खर्च सम्बन्धी विवरण, मुख्य उपलव्धी समितिले सामना गर्नुपरेका समस्या एवं चूनौतिहरु र भावी कार्यदिशा समेटिएको समितिको बार्षिक प्रतिबेदन २०७८ प्रस्तुत गरिएको छ।

समितिलाई प्रभावकारी, नतिजामुखी र गठन आदेशको कार्यशर्त वमोजिम संचालन गर्ने र प्रतिफलमुखी वनाउने सन्दर्भमा यस प्रतिबेदनमा उल्लिखित कार्यदिशा अनुरुप सुधार गर्नेतर्फ समिति प्रयत्नशील रहने छ । आगामी दिनमा समितिका कार्यलाई समयसापेक्ष, नतिजामुखी र अझ बढी उपलब्धीमूलक वनाउने प्रतिबद्धता ब्यक्त गर्दै यस कार्यमा सवैको सहयोग र सद्भाव प्राप्त हुने विश्वास लिइएको छ।

अन्तमा, यो प्रतिबेदन तयार गर्ने कार्यमा संलग्न समितिका सदस्य, सदस्य-सचिव लगायत सवै कर्मचारीहरुलाई धन्यबाद दिन चाहन्छु।

**महेश प्रसाद दहाल**
**अध्यक्ष**

# बिषय - सूची


| सि.नं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद - १** | |
| | **परिचय** | |
| १.१ | नेपालमा राजस्व परामर्शको अभ्यास | १ |
| १.२ | नेपाल राजस्व परामर्श समितिको गठन | २ |
| १.३ | नेपाल राजस्व परामर्श समितिको सोच | ३ |
| १.४ | नेपाल राजस्व परामर्श समितिको उद्देश्य | ३ |
| १.५ | नेपाल राजस्व परामर्श समितिको रणनीति | ३ |
| १.६ | नेपाल राजस्व परामर्श समितिको कार्यसम्पादनका आधारहरु | ३ |
| १.७ | नेपाल राजस्व परामर्श समितिको संगठन संरचना | ४ |
| १.८ | नेपाल राजस्व परामर्श समितिको काम, कर्तब्य र अधिकार | ६ |
| | **परिच्छेद - २** | |
| | **आर्थिक बर्ष २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रम** | |
| २.१ | बार्षिक बजेट तथा कार्यक्रम र वित्तीय लक्ष्य | ९ |
| २.२ | भौतिक लक्ष्य | ९ |
| | २.२.१ भौतिक पूर्बाधार ब्यवस्थापन | ९ |
| | २.२.२ जनशक्ति ब्यवस्थापन | १० |
| २.३ | अध्ययन र अनुसन्धान | १० |
| २.४ | परामर्श तथा छलफल कार्यक्रम | १० |
| २.५ | अन्तर्क्रिया कार्यक्रम | १० |
| २.६ | उप-समितिहरु मार्फत सुझाव संकलन | ११ |
| २.७ | आ.ब. २०७८/७९ को राजस्व सम्बन्धी सुझाव प्रतिबेदन तयारी | ११ |
| २.८ | अन्य | १२ |
| | **परिच्छेद - ३** | |
| | **समितिबाट आर्थिक बर्ष २०७७/७८ मा सम्पादित प्रमुख कार्यहरु** | |
| ३.१ | आर्थिक बर्ष २०७८/७९ को राजस्व नीति तथा कार्यक्रमको लागि सुझाब संकलन | १३ |
| | ३.१.१ संघीय तहका निकायहरुसँग छलफल | १३ |
| | ३.१.२ प्रदेशस्तरीय छलफल तथा अन्तर्क्रिया | १५ |
| | ३.१.३ उप-समितिहरुको गठन | १७ |
| | ३.१.४ उद्योगी ब्यावसायीहरुसँग छलफल तथा अन्तर्क्रिया | १९ |
| | ३.१.५ सार्वजानिक सूचना प्रकाशन मार्फत समितिमा सोझै सुझाव माग | २० |
| ३.२ | आर्थिक बर्ष २०७७/७८ को अर्द्धबार्षिक प्रतिबेदन तयारी तथा प्रस्तुति | २१ |
| ३.३ | विषय विशेषज्ञबाट राजस्व सम्बन्धी सान्दर्भिक विषयमा अध्ययन र अनुसन्धान | २१ |
| ३.४ | राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ तर्जुमा र प्रस्तुती | २३ |
| ३.५ | अन्य गतिविधिहरु | २४ |

| सि.नं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद - ४** | |
| | **कार्य सम्पादन स्थिति र प्रमुख र उपलव्धिहरु** | |
| ४.१ | भौतिक प्रगति | २५ |
| | ४.१.१ संस्थागत प्रबन्ध, भौतिक सुधार तथा जनशक्ति ब्यवस्थापन | २५ |
| | ४.१.२ संगठन ब्यवस्थापन सर्बेक्षण | २५ |
| | ४.१.३ पदपूर्तिको अवस्था | २७ |
| | ४.१.४ अध्ययन, अनुसन्धान र विश्लेषण | २७ |
| | ४.१.५ सेमिनार, छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत सुझाव संकलन | २८ |
| | ४.१.६ उप-समिति मार्फत सुझाव संकलन | २९ |
| | ४.१.७ पत्रपत्रिकामा सूचना प्रकाशित गरी सुझाव संकलन | २९ |
| | ४.१.८ राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ तयारी | ३० |
| ४.२ | वित्तीय प्रगती | ३० |
| ४.३ | अन्य | ३० |
| | ४.३.१ समितिका बैठक तथा निर्णय | ३० |
| | ४.३.२ सुशासन प्रवर्द्धन | ३१ |
| | **परिच्छेद - ५** | |
| | **समस्या तथा चुनौतीहरु** | |
| ५.१ | कानुनी ब्यवस्थामा अपर्याप्तता | ३३ |
| ५.२ | समिति (Board) को स्वरुप | ३३ |
| ५.३ | रिक्त सदस्यको पदपूर्ति | ३४ |
| ५.४ | कमर्चारी दरबन्दी र पदपूर्ति | ३४ |
| ५.५ | कार्यालय भवनको अपर्याप्तता | ३४ |
| ५.६ | कार्य सम्पादन प्रोत्साहनको व्यवस्था नहुनु | ३५ |
| | **परिच्छेद - ६** | |
| | **भावी कार्यदिशा** | |
| ६.१ | कानूनी संरचनामा सुधार | ३७ |
| ६.२ | रिक्त सदस्य पदको पदपूर्ति | ३८ |
| ६.३ | सचिवालय, पदश्रृजना र पदपूर्तिको ब्यवस्था | ३८ |
| ६.४ | कार्यालय भवन र स्थानको उपलब्धता | ३८ |
| ६.५ | कार्य सम्पादन प्रोत्साहन | ३९ |
| ६.६ | अन्य आधारभूत संस्थागत पूर्वाधार | ३९ |
| | **परिच्छेद - ७** | |
| | **उपसंहार** | |
| | उपसंहार | ४१ |

| सि.नं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **तालिकाहरुको विवरण** | |
| तालिका - १ : | नेपाल राजस्व परामर्श समितिको सचिवालयको स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण | ५ |
| तालिका - २ : | प्रदेश तथा प्रमुख व्यापारिक केन्द्र स्तरीय अन्तर्क्रिया छलफल कार्यक्रम | ११ |
| तालिका - ३ : | सरकारी निकायहरुसंग अन्तर्क्रिया र छलफल | १४ |
| तालिका - ४ : | निजी क्षेत्रका औद्योगिक, व्यापारिक एवं व्यवसायिक संघ संस्थाका छाता संगठनहरुसंग अन्तर्क्रिया र छलफल | १४ |
| तालिका - ५ : | प्रदेशस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम | १६ |
| तालिका - ६ : | प्रमुख व्यापारिक केन्द्रहरुमा भएको अन्तर्क्रिया एवं छलफल कार्यक्रम | १६ |
| तालिका - ७ : | सुझाव प्रतिबेदन तयारीका लागि उप-समितिहरुको गठन र मुख्य कार्य जिम्मेवारी | १८ |
| तालिका - ८ : | वस्तुगत, विषयगत एवं पेशागत संघ संस्थाहरुसंग अन्तरक्रिया एवं छलफल | २० |
| तालिका - ९ : | राजस्व सम्बद्ध विषयमा विज्ञहरुद्धारा गराइएको अध्ययन एवं अनुसन्धान कार्यको विवरण | २८ |
| तालिका - १० : | उप-समितिहरुबाट प्रतिबेदन प्राप्ती | २९ |
| | **अनुसूचीहरु** | |
| अनुसूची-१ : | समितिको गठन आदेश | ४५ |
| अनुसूची-२ : | चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना | ५९ |
| अनुसूची-३ : | प्रदेशस्तरीय राजस्व नीत सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | ६३ |
| अनुसूची-४ : | राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदनका मुलभूत सुझावहरुको बूँदगत टिपोट | ६७ |
| अनुसूची-५ : | उप-समितिहरुको गठन, कार्यक्षेत्र र प्रतिवेदन व्यवस्था | ७३ |

## परिच्छेद – १

# परिचय

## १.१ नेपालमा राजस्व परामर्शको अभ्यास

विक्रम संवत २०७२ सालमा जारी भएके नेपालको संविधानको धारा ११९ को उपधारा ३ मा नेपाल सरकारका अर्थ मन्त्रीले हरेक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रत्येक वर्षको जेठ १५ गते संघीय संसदमा पेश गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । यस्तो वजेटले आय-व्ययको अतिरिक्त संघीय राजस्व नीतिको विषय पनि समेट्ने गर्दछ । आगामी आर्थिक वर्षको राजस्व नीति तर्जुमा गर्ने क्रममा अन्य विषयको अतिरिक्त निजी क्षेत्रको प्रतिनिधित्व संग छलफल, अन्तर्क्रिया एवं परामर्श मार्फत सुझाव संकलन गर्ने गरिन्छ । यस्तो परामर्शबाट मूलतः वजेट वक्तव्यमा समावेश गर्नु पर्ने सरकारको राजस्व नीति सम्बन्धी विषयको अतिरिक्त कर कानूनमा गर्नुपर्ने सुधार, करका दरमा गर्नु पर्ने परिवर्तन, राजस्व प्रशासनको संगठनात्मक संरचनामा परिमार्जन, कार्य प्रकिया र जनशक्ति व्यवस्थापनमा गर्नुपर्ने सुधार जस्ता विषयमा राय एवं सुझाव संकलन गर्ने अभ्यास रहेको छ ।

नेपालमा राजस्व नीति तर्जुमा र करका दरमा गरिने सुधारको सिलसिलामा परामर्श गर्ने कार्यको थालनी वि.सं. २००८ को पहिलो वजेटदेखि नै प्रारम्भ भएको पाइन्छ । त्यसवेला भन्सार महसूल लक्षित राय सुझाव प्राप्त गर्न केन्द्रीय ट्यारिफ बोर्डको गठन भएको थियो । तत्पश्चात नेपाल सरकारले वि.सं. २०५६ देखी बजेट पूर्व राजस्व परामर्श समिति अस्थायी रुपमा गठन गरी परामर्श लिने कार्यलाई औपचारिक रुपमा अघि बढाएको थियो । अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखालाई त्यसवेला राजस्व परामर्श समितिको सचिवालयको कार्य गर्ने जिम्मेवारी दिइएको थियो ।

जिल्लास्तरमा पनि राजस्व परामर्शको कार्य थालनी गर्ने उद्देश्यले वि.सं. २०५८ मा भद्रपुर, विराटनगर, धरान, जनकपुर, वीरगञ्ज, हेटौडा, नारायणगढ, भक्तपुर, ललितपुर, पोखरा, भैरहवा, नेपालगञ्ज, धनगढी र महेन्द्रनगर जस्ता व्यापारिक केन्द्रमा परामर्शको लागि समन्वय समिति गठन भएका थिए । त्यसैगरी वि.सं. २०६० मा अर्थ मन्त्रालयमा अलग्गै महाशाखालाई राजस्व परामर्श समितिको कार्य गर्ने गरी जिम्मेवारी तोकिएको थियो । तत्पश्चात प्रत्येक वर्ष वजेट तयारीको क्रममा निजी क्षेत्रको समेत प्रतिनिधित्त्व हुनेगरी अस्थायी रुपमा राजस्व परामर्श समिति गठन गरी छलफल, अन्तर्क्रिया एवं सम्वादद्वारा राय संकलन गर्ने र अर्थ मन्त्रालयमा सिफारिश सहितको प्रतिवेदन पेश गर्ने अभ्यास रही आएको थियो ।

नेपाल सरकारद्धारा राजस्व परामर्शको कार्यलाई थप व्यवस्थित, प्रभावकारी, समय सापेक्ष र नतिजामुखी वनाउने उद्देश्य र स्थायी प्रकृतिको संरचनागत व्यवस्था मिलाउने ध्येयले

आर्थिक वर्ष २०७६/७७ को सरकारको नीति र कार्यक्रममा स्थायी संरचना सहितको नेपाल राजस्व परामर्श समिति गठन गर्ने व्यवस्था उल्लेख भयो । यो नीतिगत व्यवस्था वमोजिम विकास समिति ऐन, २०१३ अनुरुप वि.सं. २०७६ माघ २० गते नेपाल सरकार मन्त्रिपरिषद्बाट "नेपाल राजस्व परामर्श विकास समिति (गठन)आदेश, २०७६" जारी भई (अनुसूची - १) वि.सं. २०७७ भाद्र १ गते स्थायी प्रकृतिको नेपाल राजस्व परामर्श समिति (Nepal Revenue Advisory Board) गठन भएको हो। संघीय तहमा नेपाल राजस्व परामर्श समिति गठन भए पश्चात् कतिपय प्रदेश र स्थानीय तहले पनि निजी क्षेत्रको प्रतिनिधित्व भएको क्रमशः प्रादेशिक राजस्व परामर्श समिति र स्थानीय राजस्व परामर्श समिति गठन गरी राजस्व सम्बन्धी परामर्शको कार्यलाई निरन्तरता दिदै आएका छन् । यसरी संघीय संरचना अन्तर्गतका तीनवटै तहमा आ-आफ्नो क्षेत्राधिकार भित्र रही राजस्व प्रणालीको उपयुक्त र दिगो विकासका लागि राजस्व परामर्श समितिमार्फत छलफल, अध्ययन, अनुसन्धान र अन्तर्क्रिया गरी गराई राय सुझाव सहितको प्रतिवेदन बुझाउने र सो प्रतिबेदनमा सिफारिशहरु समेतको आधारमा राजस्व नीति, करका दर र राजस्व सम्बद्ध प्रक्रियागत तथा संगठनात्मक व्यवस्थामा समयानुकूल परिवर्तन गर्ने परिपाटी स्थापित भएको छ ।

## १.२ नेपाल राजस्व परामर्श समितिको गठन

विगतको राजस्व परामर्शको अभ्यास र छलफल तथा अन्तर्क्रिया कार्यलाई थप प्रभावकारी पार्दै नेपाल सरकारलाई राजस्व परिचालन तथा व्यवस्थापनको क्षेत्रमा आवश्यक सुझाव दिन तथा नीतिगत सिफारिश गर्न संघीय संरचना अन्तर्गत नेपाल राजस्व परामर्श समितिको गठन गरिएको हो । समितिको कार्यक्षेत्र संघीय तहमा मात्र रहेको छ । समितिमा एक अध्यक्ष र दुई सदस्य रहने व्यवस्था छ । सचिवालयको प्रशासनिक प्रमुखको रुपमा नेपाल सरकार, निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको सहसचिव रहने व्यवस्था छ ।

समितिले सरकारको राजस्व नीति, करको संगठन र संरचना एवं कार्य प्रकृयाको मूल्याङ्कन, व्यवसायमैत्री र लगानी मैत्री वातावरण सृजना हुने गरी कर प्रणालीको विकास, अन्तर्राष्ट्रिय कर, कर छुट तथा दोहोरो करमुक्ति सम्झौताको अध्ययन एवं विश्लेषण, नयाँ कर लगाउने विषाय, खारेज गर्नु पर्ने कर र करका दरहरुमा गर्नुपर्ने परिवर्तन तथा वर्तमान राजस्व सम्बन्धी ऐन कानूनको प्रभावकारी कार्यान्वयन भए नभएको अध्ययन विश्लेषण गरी नेपाल सरकारमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने मुख्य जिम्मेवारी पाएको छ ।

त्यसैगरी तीन तहका सरकारहरुले लगाएका करको अध्ययन विश्लेषण गरी दोहोरोपना आउँन नदिन सुझाव दिने, विगतमा भएका राजस्व सम्बन्धी अध्ययन अनुसन्धान कार्यको विश्लेषण गरी सुझाव पेश गर्ने रनेपाल सरकारको राजस्व सम्बन्धी वौद्धिक केन्द्र (Revenue Think Tank) को कार्य गर्ने जस्ता विशिष्ट कार्य जिम्मेवारी पनि यस समितिलाई दिइएको

छ । यिनै जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्दै समितिलाई राजस्व सम्बन्धी विषयमा सार्वजनिक-निजी क्षेत्रको सम्बाद मञ्च (Public-Private Dialogue Forum) को रुपमा विकास गर्दै लगिने नीति लिइएकोछ ।

## १.३ नेपाल राजस्व परामर्श समितिको सोच

देशको समग्र आर्थिक वृद्धि र विकासका लागि आवश्यक पर्ने साधन एवं श्रोतको दीगो व्यवस्थापनका लागि प्रभावकारी राजस्व प्रणाली स्थापना गर्न योगदान पुर्याउनु समितिको सोच रहेको छ ।

## १.४ नेपाल राजस्व परामर्श समितिको उद्देश्य

देशको राजस्व परिचालन तथा व्यवस्थापनको क्षेत्रमा नेपाल सरकारलाई उपयुक्त, कार्यान्वयनयोग्य एवं समय सापेक्ष सुझाव सिफारिश गर्नु समितिको उद्देश्य रहेको छ ।

## १.५ नेपाल राजस्व परामर्श समितिको रणनीति

उल्लिखित सोच र उद्देश्य प्राप्तिका लागि नेपाल राजस्व परामर्श समितिले आफ्नो कार्य सम्पादन गर्दा देहायका रणनीतिहरु अवलम्बन गर्नेछः

- राजस्व सम्बन्धी विषयको अध्ययन, अनुसन्धान र विश्लेषण गरी राय सुझाव संकलन गर्ने,
- सरकार र निजी क्षेत्र बीच राजस्व सम्वादको राष्ट्रिय मञ्चको रुपमा कार्य गर्ने,
- राजस्वको सन्दर्भमा अध्ययन, अनुसन्धान एवं विश्लेषण गर्न विज्ञहरुको नियमित परिचालन गर्ने,
- अध्ययन, अनुसन्धान, छलफल, अन्तर्क्रिया तथा सम्वाद जस्ता पक्षलाई निरन्तरता दिई राजस्वको वौद्धिक मञ्च (Revenue Think Tank) को रुपमा समितिलाई स्थापित गराउने,
- नेपाल सरकारको राजस्व र कर सम्बन्धी विषयमा सल्लाहकारी र परामर्शदात्री निकायको रुपमा समितिलाई रुपान्तरण गर्ने ।

## १.६ नेपाल राजस्व परामर्श समितिका कार्यसम्पादनका आधारहरु

देहायका आधारहरु अवलम्बन गर्दै समितिले आफ्नो कार्य सम्पादन गर्नेछः

- समितिले आफ्नो कार्य चुस्त संगठन संरचना र सानो जनशक्तिबाट सम्पादन गरेको छ,
- निजी क्षेत्रसंग छलफल, अन्तर्क्रिया र सम्वादलाई नियमित र प्रमुख कार्य प्रक्रियाको रुपमा अवलम्बन गर्दछ,

- सरोकारवालाहरुको सहभागिता र तथ्यपरक अध्ययन विश्लेषणलाई अवलम्बन गरी समितिले कार्य सम्पादन गरेको छ,
- राजस्वको क्षेत्रमा निरन्तर अध्ययन र अनुसन्धान गर्ने कार्य समितिको कार्य सँस्कार भित्र पर्दछ,
- सार्वजनिक एवं निजी क्षेत्रबाट प्राप्त सुझाव र समितिको विश्लेषण सहितको सुझाव एवं सिफारिश प्रतिवेदन नेपाल सरकारअर्थ मन्त्रालयमा पेश गरेको छ,

## १.७ नेपाल राजस्व परामर्श समितिको सङ्गठन संरचना

नेपाल राजस्व परामर्श समिति र समितिको सचिवालयको संगठन संरचना देहाय वमोजिम रहेको छ ।



## १.१. स्वीकृत दरबन्दी र पदपूर्ति

नेपाल राजस्व परामर्श समितिको सचिवालयको स्वीकृत दरवन्दी संख्या जम्मा २० (बीस)रहेको छ । स्वीकृत दरवन्दी अनुरुप समितिमा राजपत्रांकित प्रथम श्रेणी १, राजपत्रांकित द्धितीय श्रेणी २, राजपत्रांकित तृतीय श्रेणी ३, त्यसैगरी राजपत्र अनंकित प्रथम श्रेणीका ५ समेत ११ जना स्थायी दरबन्दी र कम्प्युटर अपरेटर २ जना, हलुका सवारी चालक ४ जना र कार्यालय सहयोगी ३ जना गरी जम्मा ९ जना दरबन्दी स्वीकृत भएको छ । स्वीकृत दरबन्दी, पदपूर्तिको अवस्था र रिक्त दरबन्दीको विस्तृत विवरण तालिका-१ मा दिईएको छः

**तालिका - १**

**नेपाल राजस्व परामर्श समितिको सचिवालयको स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण**

| सि.नं. | पद | श्रेणी, सेवा | संख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १. | सदस्य सचिव (प्रशासकीय प्रमुख) | रा.प. प्रथम, प्रशासन | १ | १ | - |
| २. | उपसचिव | रा.प. द्धितीय, राजस्व | २ | १ | १ |
| ३. | शाखा अधिकृत | रा.प. तृतीय, राजस्व | २ | १ | १ |
| ४. | कम्प्यूटर अधिकृत | रा.प. तृतीय, नेपाल विविध | १ | १ | - |
| ५. | नायव सुब्बा | रा.प. अनंकित प्रथम, राजस्व | ४ | - | ४ |
| ६. | लेखापाल | रा.प. अनंकित प्रथम, लेखा | १ | - | १ |
| ७. | कम्प्यूटर अपरेटर | रा.प. अनंकित प्रथम, नेपाल विविध | २ | १ | १ |
| ८. | हलुका सवारी चालक(करार) | श्रेणीविहीन | ४ | ४ | - |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहिन | ३ | १ | २ |
| | | **जम्मा** | २० | १० | १० |

स्वीकृत दरबन्दी २० भएता पनि हाल १० पदमात्र पूर्ति भएको छ । यसरी हेर्दा समितिको स्वीकृत दरबन्दीको ५० प्रतिशत मात्र पदपूर्ति भएको देखिन्छ । यसले समितिको कार्यसम्पादनमा जनशक्ति अभावले असर पारेको छ ।

## १.८ नेपाल राजस्व परामर्श समितिको काम, कर्तब्य र अधिकार

नेपाल राजस्व परामर्श समिति (गठन) आदेश, २०७६ को दफा ९ बमोजिम समितिको काम, कर्तव्य र अधिकार निम्नानुसाररहेको छः

- राजस्व नीति, कर सम्बन्धी नीति, कर संरचना र कार्य प्रक्रियाको सामयिक मूल्याङ्कन गरी उपयुक्त राजस्व प्रणाली विकास गर्न आवश्यक अध्ययन गर्ने वा गराउने,
- राष्ट्रिय आर्थिक नीतिको आधारमा राजस्व नीति, कर नीति, कर संरचना र कार्य प्रक्रियाको सामयिक मूल्याङ्कन गरी उपयुक्त र व्यवहारिक कर प्रणाली विकास गर्न नेपाल सरकारलाई सुझाव दिने,
- लगानीमैत्री कर नीतिको विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने,
- आन्तरिक श्रोतको सवलीकरण, करको दायरा विस्तार, कर छुट तथा दोहोरो करमुक्ति सम्झौताको प्रभाव विश्लेषण गर्ने, राजस्व सङ्कलनको योजना तथा प्रक्षेपण र राजस्व परिचालन आदि कार्यको निरन्तर अनुगमन र मूल्याङ्कन गरी नेपाल सरकारलाई वार्षिक बजेट तर्जुमाको लागि सुझाव दिने,
- नेपाल सरकारले लगाएका मौजुदा कर तथा गैरकर राजस्वका दरहरूको अन्तर सम्बन्ध, विश्व व्यापीकरण तथा द्विपक्षीय एवं बहुपक्षीय सन्धी सम्झौता समेतको अध्ययन एवं विश्लेषण गरी आवश्यक सुधारका लागि सिफारिस गर्ने,
- उद्योग, व्यापार, पर्यटन लगायत अन्य विभिन्न व्यवसायको विकास तथा विस्तारमा अनुकूल हुने राजस्व सम्बन्धी नीति तथा कार्यक्रम बारे नेपाल सरकारलाई राय सुझाव दिने,
- नयाँ कर लागू गर्ने तथा कुनै कर खारेज गर्नुपर्ने भएमा अध्ययन अनुसन्धान एवं सम्बन्धित क्षेत्रका विशेषज्ञ, उद्योगी, व्यवसायीसँग समेत छलफल गरी सुझाव लिने,
- बजेट वक्तव्यमा उल्लेख भएका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि सुझाव दिने,
- विभिन्न श्रोतबाट उपलब्ध सूचना तथा अध्ययनको आधारमा आर्थिक विकाससँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय क्षेत्रीय तथा राष्ट्रिय अर्थतन्त्रको अवस्थाको तुलनात्मक विश्लेषण गरी सुझाव दिने,
- राजस्व सम्बन्धी कानूनको प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको अध्ययन, अनुसन्धान गर्ने र कार्यान्वयनका लागि सुझाव दिने,
- राजस्व सम्बन्धी कानूनमा संशोधन वा परिमार्जन वा सो सम्बन्धी नयाँ कानूनको आवश्यकता भएको विषयमा अध्ययन गरी सुझाव दिने,

- राजस्व प्रणालीको दीगो विकास गर्न तथा राजस्व प्रशासनलाई व्यवसायिक, सक्षम, सुदृढ र पारदर्शी बनाउन सङ्गठन संरचनामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,
- अन्तरराष्ट्रिय कर प्रणालीको अध्ययन गरी सोको आधारमा नेपालको कर प्रणालीमा गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारसमक्ष सुझाव दिने,
- प्रदेश र स्थानीय तहबाट लगाइएको करको अध्ययन गरी राजस्व प्रशासनमा दोहोरोपन आउन नदिन गर्नुपर्ने कार्यको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- दीगो, पारदर्शी, प्रभावकारी तथा प्रगतिशील कर प्रणालीको विकासको लागि सुझाव दिने,
- राजस्व प्रशासनका सम्बन्धमा पेश भएका विभिन्न सुझाव, अध्ययन प्रतिवेदन अध्ययन गरी सुझाव दिने,
- नेपाल सरकारको राजस्व सम्बन्धी वौद्धिक केन्द्र (Think Tank) को रूपमा रही काम गर्ने,
- अर्थशास्त्र, लेखा, व्यवस्थापन, वाणिज्य शास्त्र वा कानून विषयमा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका विद्यार्थीलाई समावेश गरी समय-समयमा इन्टर्नसीप कार्यक्रम सञ्चालन गर्ने ।

नेपाल राजस्व परामर्श समितिको उपरोक्त काम, काम, कर्तव्य र अधिकार अनुरुप कार्य सम्पादनलाई अघि बढाउन गठन आदेशमा देहाय वमोजिमको थप कानुनी व्यवस्था पनि गरिएको छः

- समितिका अध्यक्ष र सदस्य समितिमा पूरा समय कार्य गर्ने पदाधिकारीको रुपमा रहने,
- समितिको सदस्य सचिव र प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने गरी निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवाको एक राजपत्रांकित प्रथम श्रेणीको अधिकृत तोकिने,
- समितिको दैनिक कार्य सम्पादनका लागि नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसारका कर्मचारी रहने र अधिकृतस्तरका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने,
- समितिको लेखा नेपाल सरकारले अपनाएको लेखा ढाँचा अनुरुप हुने र लेखापरीक्षण महालेखापरीक्षकबाट हुने,
- राजस्व र कर सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्नु पर्दा सम्बन्धित क्षेत्रका विज्ञ/विशेषज्ञ परिचालन गरिने र त्यस्ता विज्ञ/विशेषज्ञ व्यक्ति एवं संस्थाको सूची (Roster) बनाई राख्नुपर्ने,
- समितिलाई आवश्यक पर्ने सूचना र तथ्यांक उपलब्ध गराउनु सम्बन्धित सवै सरकारी निकायको कर्तव्य हुने,
- समितिले आफूले सम्पादन गरेको कार्यको वार्षिक प्रतिवेदन अर्थ मन्त्रालयमा प्रस्तुत गर्नुपर्ने र यस्तो विवरण मन्त्रालयले सार्वजनिक गर्नुपर्ने,
- समितिले नेपाल सरकारसंग सम्पर्क गर्दा अर्थ मन्त्रालयमार्फत गर्नुपर्ने ।

## परिच्छेद - २

# आर्थिक बर्ष २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रम

बि.सं. २०७७ साल भाद्र १ गते समितिको गठन भए पश्चात समितिले आर्थिक बर्ष २०७७/७८ का लागि देहाय बमोजिमको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो ।

## २.१ <u>बार्षिक बजेट तथा कार्यक्रम</u>

नेपाल राजस्व परामर्श समितिको स्थापना आर्थिक बर्ष प्रारम्भ भए पश्चात भएकोले अर्थ मन्त्रालयबाट समितिको सचिवालय भन्सार विभाग परिसर भित्र स्थापना गर्न आवश्यक पर्ने फर्निचर, कार्यालय सामग्री, पारिश्रमिक लगायतका खर्च र भुक्तानी ब्यवस्था भन्सार विभागबाट गरी बजेटको लागि मन्त्रालयमा माग हुन भन्सार विभागलाई निर्देशन दिएको र सोही अनुरुप कार्य अघि बढाइएको थियो ।

समिति स्थापना पश्चात समितिबाट बार्षिक कार्यक्रम सञ्चालन एवं कार्यालय ब्यवस्थापनको लागि आवश्यक बजेट अर्थ मन्त्रालयमा माग गरेको र सो अनुरुप भन्सार विभागको बजेट उपशीर्षकबाट खर्च गर्ने गरी पूँजीगततर्फ रु. ५४ लाख ५० हजार र चालु तर्फ रु. १ करोड ५८ लाख ८० हजार गरी कूल रु. २ करोड १३ लाख ३० हजार बजेट बिनियोजन भएको थियो ।

## २.२ <u>भौतिक लक्ष्य</u>

समितिलाई आर्थिक बर्ष २०७७/७८ मा देहाय बमोजिम भौतिक पूर्वाधार ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन, समितिमा निजी क्षेत्रको सहभागिताको लागि र गठन आदेश संशोधन प्रस्ताव एवं आवश्यकता अनुसार विज्ञहरुको परिचालनको ब्यवस्था मिलाउने लगायतका प्रशासनिक लक्ष्यहरु तोकिएको थियो ।

### २.२.१ भौतिक पूर्वाधार ब्यवस्थापन

समितिको कार्यालय सञ्चालनको लागि भन्सार विभाग परिसरमा रहेको भन्सार जाँचपास परीक्षण कार्यालय रहेको भवनको पहिलो तल्ला उपलब्ध गराइएको छ । नयाँ स्थापना भएको कार्यालय भएकोले कार्य सञ्चालन सहजताका लागि आवश्यक भौतिक सामाग्रीहरुः फर्निचर, कम्प्यूटर, प्रिन्टर जस्ता मेशिनरी र अन्य आवश्यक सामानहरुको ब्यवस्था, टेलिफोन तथा इन्टरनेटको ब्यवस्था र वेवसाइट निर्माण तथा सन्चालन जस्ता भौतिक लक्ष्यहरु निर्धारण गरि असोजसम्म कार्य सम्पन्न गर्ने समय सीमा निर्धारण गरिएको थियो ।

### २.२.२ जनशक्ति ब्यवस्थापन

समिति स्थापनाको समयमा तत्काल कार्य सन्चालनको लागि भन्सार विभागका उपमहानिर्देशकलाई सदस्य सचिवको समेत काम गर्ने गरी तोकिएको थियो भने एकजना शाखा अधिकृत, एकजना कम्प्युटर अधिकृत, एकजना ना.सु. र दुईजना कार्यालय सहयोगीलाई अर्थ मन्त्रालयबाट काजमा खटाइएको थियो । समिति एक स्थायी संस्था भएकोले आफ्नै जनशक्ति ब्यवस्थापन गर्न सदस्य-सचिवको संयोजकत्वमा संगठन तथा ब्यवस्थापन सर्भेक्षण टोली गठन गरी कार्तिक महिना सम्म प्रतिबेदन पेश गर्ने समय सीमा निर्धारण गरिएको थियो ।

## २.३ अध्ययन र अनुसन्धान

नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७७/७८ मा राजस्व सम्बद्ध विभिन्न विषयमा विज्ञहरु मार्फत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने लक्ष्य राखेको थियो । यस अन्तर्गत राजस्व नीति सुधारका लागि भन्सार, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क सम्बन्धी अध्ययन विश्लेषण,अनलाईन कारोबार र रियल स्टेटलाई राजस्वको दायरामा ल्याउने जस्ता विषयमा अध्ययन अनुसन्धान गराउने लक्ष्य लिएको थियो । त्यसैगरी संघसँग दोहोरोपना भएको करारोपण, ढुवानीमा अतिरिक्त कर र इन्टर्नसीप सन्चालन सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने लक्ष्य राखिएको थियो ।

## २.४ परामर्श तथा छलफल कार्यक्रम

नेपाल राजस्व परामर्श समितिले समितिको काम, कर्तब्य र अधिकारको बारेमा जानकारी गराउने साथै राजस्व सम्बन्धी नीतिगत विषयमा सुझाव संकलन गर्ने उद्देश्यले देहाय बमोजिम छलफल र अन्तरर्क्रिया गर्ने लक्ष्य राखिएको थियो ।

- संघीय तहका राजस्व प्रशासनसँग सम्बद्ध सरकारी विभाग एवं निकायहरु संग छलफल एवं परामर्श ।
- निजी क्षेत्रका विभिन्न औद्योगिक, व्यापारिक एवं व्यवसायिक संघ संस्थाका छाता संगठनहरु(संघ, महासंघ) संग छलफल तथा परामर्श ।
- उद्योगी ब्यावसायीहरु, वस्तुगत एवं विषयगत संघहरु तथा पेशागत संघ संस्थाहरु, पत्रकार
  तथा राजस्व बिज्ञहरुसंग छलफल र परामर्श ।

## २.५ अन्तर्क्रिया कार्यक्रम

नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७८/७९ को लागि नेपाल सरकारलाई राजस्व नीति तथा कर प्रशासनमा गर्नुपर्ने सुधार सम्बन्धी सुझाव सहितको प्रतिबेदन प्रस्तुत गर्नको निम्ति सुझाव संकलन गर्ने उद्देश्यले प्रदेश तहमा प्रदेशको राजधानी र मुख्य मुख्य

ब्यापारिक केन्द्रहरुमा अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य राखेको थियो । जसको विवरण तालिका २ मा दिईएको छः

## तालिका २

## प्रदेश तथा प्रमुख ब्यापारिक केन्द्र स्तरीय अन्तर्क्रिया छलफल कार्यक्रम

| क्र.सं. | स्थान | प्रस्तावित मिति |
|---|---|---|
| १ | धनगढी | २०७७ फागुन ९ गते |
| २ | नेपालगन्ज | २०७७ फागुन ११ गते |
| ३ | सुर्खेत | २०७७ फागुन १२ गते |
| ४ | विराटनगर | २०७७ फागुन १६ गते |
| ५ | जनकपुर | २०७७ फागुन १८ गते |
| ६ | वीरगन्ज | २०७७ फागुन १९ गते |
| ७ | हेटौंडा | २०७७ फागुन २० गते |
| ८ | पोखरा | २०७७ फागुन २३ गते |
| ९ | बुटवल | २०७७ फागुन २५ गते |
| ११ | धुलिखेल | २०७७ चैत १० गते |

## २.६ उप-समितिहरु मार्फत सुझाव संकलन

नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७८/७९ को लागि राजस्व सम्बन्धी नीति एवं कर सुधार सम्बन्धमा नेपाल सरकारलाई सुझाव प्रस्तुत गर्न नेपाल राजस्व परामर्श समिति अन्तर्गत विभिन्न ७ वटा विषयगत उप-समितिहरु गठन गरी उक्त समितिहरु मार्फत सम्बन्धित विषयमा राय सुझाव संकलन गरी प्रतिबेदन प्राप्त गर्ने लक्ष्य राखिएको थियो ।

## २.७ आ.ब. २०७८/७९ को राजस्व सम्बन्धी सुझाव प्रतिबेदन तयारी

नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७७/७८ भित्रै आगामी आर्थिक बर्ष २०७८/७९ को लागि राजस्व नीति एवं कर सुधार सम्बन्धी प्रतिबेदन तयार गरी अर्थ मन्त्री समक्ष २०७८ बैशाख मसान्त भित्रै पेश गर्ने लक्ष्य राखिएको थियो । राजस्वका विविध विषयमा छलफल, अन्तरर्क्रिया,अध्ययन, अनुसन्धान, विश्लेषण, अनुगमन र मूल्याङ्कन गरी राजस्व परिचालन र व्यवस्थापनका सम्बन्धमा समितिले वार्षिक प्रतिवेदन तयार गर्ने लक्ष्य पनि रहेको थियो ।

## २.८ अन्य

उपरोक्त लक्ष्यहरुका अतिरिक्त नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७७/७८ को लागि राजस्व श्रोत केन्द्रको अवधारणा बनाई त्यस्तो केन्द्रको स्थापनाका प्रारम्भिक कार्यहरु थालनी गर्ने, राजस्व परामर्श समितिको बुलेटिन प्रकाशन गर्ने, र समितिको वेवसाइट निर्माण गर्ने समेत लक्ष्य राखेको थियो ।

यसैगरी समितिमा निजी क्षेत्रको सहभागिताको लागि गठन आदेशमा संशोधन गर्ने, नियमावली तर्जुमा गर्ने, विज्ञहरुको रोष्टर तयार गर्ने र आवश्यकता अनुसार विज्ञहरुको परिचालन गर्ने समेत लक्ष्य निर्धारण गरिएको थियो ।

## परिच्छेद - ३

## समितिबाट आर्थिक बर्ष २०७७/७८ मा सम्पादित प्रमुख कार्यहरु

### ३.१ आर्थिक बर्ष २०७८/७९ को राजस्व नीति तथा कार्यक्रमको लागि सुझाब संकलन

नेपाल राजस्व परामर्श समितिको आर्थिक बर्ष २०७७/७८ को बार्षिक कार्यक्रम अनुसार आर्थिक बर्ष २०७८/७९ को लागि राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन तर्जुमा गर्ने कार्य अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु मार्फत सूचना, जानकारी, राय एवं सुझाव संकलन गरिएको थियो ।

### ३.१.१ संघीय तहका निकायहरुसँग छलफल

आगामी आर्थिक वर्ष २०७८/७९ को राजस्व नीति, कर सुधार तथा राजस्व प्रशासनका लागि राय एवं सुझाव संकलन गर्ने अभिप्रायले सरकारी निकायहरु र निजी क्षेत्रका सरोकारवाला छाता संघ संस्थासँग उनीहरुको धारणा, राय र सुझाव संकलन गर्ने कार्य भएको थियो ।




आन्तरिक राजस्व विभागमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रमको झलक

समितिले स्थापना पश्चात कार्तिक, मंसीर र पुष महिनामा संघीय तहमा यस्तो छलफल कार्यक्रम आयोजना गरेको थियो । यस्तो छलफल कार्यक्रम राजस्वसंग प्रत्यक्ष सरोकार राख्ने मूलतः नियामक निकायहरुसंग प्रारम्भमा नै सञ्चालन गरिएको थियो । यस सम्बन्धी विवरण तालिका ३ र ४ मा प्रस्तुत गरिएको छ ।

## तालिका - ३

## सरकारी निकायहरुसंग अन्तर्क्रिया र छलफल

| क्र.सं. | मिति | सरकारी निकाय/विभाग | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०७७/०७/०४ | भन्सार विभाग | २१ |
| २ | २०७७/०८/१० | आन्तरिक राजस्व विभाग | १७ |
| ३ | २०७७/०८/२८ | राजस्व अनुसन्धान विभाग | १८ |
| ४ | २०७७/०९/२२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १० |

कार्यक्रममा सम्बन्धित विभागका महानिर्देशक, उपमहानिर्देशक र राजस्व प्रशासनसंग प्रत्यक्ष सम्बद्ध रहने अधिकृतहरुको सहभागिता रहेको थियो । प्रत्येक विभागसंग अलग अलग गरिएको अन्तर्क्रिया तथा छलफलवाट सम्बन्धित विभागले राजस्वको क्षेत्रमा के कस्तो कार्य गरेका छन्? समस्या चुनौती के के महसुस छन् ? तिनको समाधानका लागि के के उपाय हुन सक्छन् जस्ता पक्षमा बिस्तृत अन्तर्क्रिया र छलफल भई सम्बन्धित निकायबाट आ-आफ्ना धारणा सहित सुधारका सुझावहरु प्राप्त भएका थिए ।

## तालिका - ४

## निजी क्षेत्रका औद्योगिक, व्यापारिक एवं व्यवसायिक संघ संस्थाका छाता संगठनहरु संग अन्तर्क्रिया र छलफल

| क्र.सं. | मिति | निजी क्षेत्रका संघ संस्थाको छाता संगठन | सहभागी संख्या |
|---|---|---|---|
| १ | २०७७/०८/२४ | नेपाल चेम्बर अफ कमर्श | १८ |
| २ | २०७७/०८/२५ | नेपाल समुद्रपार निकासी पैठारी संघ | १५ |
| ३ | २०७७/०९/०७ | नेपाल उद्योग परिसंघ | १८ |
| ४ | २०७७/०९/०८ | नेपाल उद्योग बाणिज्य महासंघ | १३ |




समितिद्धारा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रममा सहभागी निजी क्षेत्रका प्रतिनिधि ।

छलफल तथा अन्तरक्रिया कार्यक्रममा उपर्युक्त संघ महासंघहरुका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष तथा अन्य उच्च पदाधिकारीहरुको सहभागिता रहेको थियो । अन्तर्क्रिया छलफलमा नेपाल राजस्व परामर्श समितिको गठन, काम, कर्तब्य र अधिकार तथा आ.ब. २०७७/७८ मा गरिने प्रमुख कार्यक्रमबारे जानकारी दिने र समग्र राजस्व सुधारका लागि सरकार र निजी क्षेत्रले सहकार्य गर्ने विषय र राजस्व प्रणाली सुधारका लागि निजी क्षेत्रको भूमिकाका सन्दर्भमा समेत विवेचना गरिएको थियो । अन्तर्क्रिया तथा छलफलमा सम्बन्धित निजी क्षेत्रका संघ संस्थाबाट सुझाव सहितको प्रस्तुतिकरण समेत भएको थियो ।

### ३.१.२ प्रदेशस्तरीय छलफल तथा अन्तर्क्रिया

आगामी आर्थिक वर्ष २०७८/७९ को लागि राजस्व नीति सम्बन्धी प्रतिबेदन तयारीको क्रममा सातवटै प्रदेशका राजधानी एवं दुई मुख्य ब्यापारिक केन्द्रहरुमा अन्तर्क्रिया र छलफल कार्यक्रम आयोजना गरी प्रदेश एवं स्थानीय तहका सरकारी निकायहरु, निजी क्षेत्रका उद्योगी ब्यवसायी, पेशागत संघ संस्थाका पदाधिकारी एवं विभिन्न ब्यक्तिहरुसंग राय एवं सुझाव संकलन गरिएको थियो । यस सम्बन्धी विवरण तालिका - ५ र ६ मा प्रस्तुत गरिएको छ ।




समितिद्धारा बिराटनगरमा आयोजित प्रदेशस्तरीय छलफल तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै तत्कालीन अर्थसचिव शिशिर कुमार ढुंगाना ।

तालिका - ५

प्रदेशस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम

| क्र.सं. | मिति | प्रदेश | कार्यक्रम स्थल | सहभागिता संख्या |
|---|---|---|---|---|
| १. | २०७७/११/०९ | सुदूरपश्चिम प्रदेश | धनगढी | १०५ |
| २. | २०७७/११/१२ | कर्णाली प्रदेश | सुर्खेत | ९१ |
| ३. | २०७७/११/१६ | प्रदेश नं.१ | विराटनगर | १०२ |
| ४. | २०७७/११/१८ | प्रदेश नं. २ | जनकपुर | ५६ |
| ५. | २०७७/११/२० | वागमती प्रदेश | हेटौडा | ११७ |
| ६. | २०७७/११/२३ | गण्डकी प्रदेश | पोखरा | ९५ |
| ७. | २०७७/११/२५ | लुम्विनी प्रदेश | भैरहवा | १६५ |

तालिका - ६

प्रमुख ब्यापारिक केन्द्रहरुमा भएको अन्तरक्रिया एवं छलफल कार्यक्रम

| क्र.सं. | मिति | कार्यक्रम स्थल | सहभागिता संख्या |
|---|---|---|---|
| १ | २०७७/११/११ | नेपालगञ्ज | १२१ |
| २ | २०७७/११/१९ | वीरगञ्ज | ११३ |
| ३ | २०७७/१२/१० | धुलिखेल | ३९ |

उल्लिखित स्थानमा सन्चालित अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरुमा त्यस क्षेत्रका ब्यापारी, उद्योगी र व्यवसायी तथा उनीहरु सम्बद्ध संघ संस्थाका पदाधिकारीका अतिरिक्त सम्बन्धित सरकारी निकायका पदाधिकारीहरुको समेत सहभागिता रहेको थियो ।




समितिद्धारा बीरगञ्जमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रमको झलक ।

प्रदेशस्तर तथा प्रमुख ब्यापारिक केन्द्रहरुमा अन्तर्क्रिया कार्यक्रम सन्चालन गर्ने क्रममा प्रदेशको हकमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र ब्यापारिक केन्द्रको हकमा सम्बन्धित जिल्लाको आन्तरिक राजस्व कार्यालयका प्रमुखको संयोजकत्वमा सहजीकरण समिति गठन गरिएको थियो । उक्त समितिहरुले प्रदेश तथा ब्यापारिक केन्द्रमा छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सहयोगी भूमिका निर्वाह गरेका थिए । प्रदेश तथा ब्यापारिक केन्द्रमा भएको छलफलवाट प्राप्त राय सुझावले समितिवाट आ.ब. २०७८/७९ को लागि सरकारको राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदनका लागि महत्त्वपूर्ण सुझावहरु प्राप्त भएका थिए ।



छलफल तथा अन्तर्क्रिया कार्यक्रममा सहभागीहरु

### ३.१.३. उप-समितिहरुको गठन

चालु आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको विश्लेषण सहित आगामी आर्थिक बर्ष २०७८/७९ को बजेट र कार्यक्रममा समावेश गर्न उपयुक्त हुने राजस्व नीति, राजस्व प्रशासनमा सुधारर करका दरहरुमा परिवर्तन सम्बन्धमा राय सुझाव पेश गर्नको लागि नेपाल सरकारका सरोकारवाला निकायहरु र निजी क्षेत्रका छाता संगठन तथा बस्तुगत संघहरु समेतको सहभागितामा विभिन्न सातवटा विषयगत उप-समितिहरु गठन गरी छलफल, सम्वाद र अन्तर्क्रिया समेतका आधारमा समितिमा सुझाव पेश गर्न लगाइएको थियो । यस सन्दर्भमा समितिले प्रत्येक उप-समितिका लागि उद्देश्य तथा अधिकार क्षेत्र तोक्ने, बैठक एवं अन्तर्क्रियाको विधि तोक्ने, उप-समितिका सदस्यहरुको संख्या एवं योग्यता निर्धारण गर्ने, संयोजक एकीन गर्ने एवं उपसमितिको प्रतिबेदन पेश गर्ने कार्यविधि उल्लेख गरी छुट्टाछुट्टै कार्यसूची (Terms of Reference) तयार गरी स्वीकृत गरेको थियो । उप-समितिहरुको गठन विधि र मुख्य कार्य जिम्मेवारी देहाय बमोजिम रहेको थियो ।



समितिद्धारा आयोजित उपसमितिका संयोजकहरुसंगको अन्तर्क्रिया कार्यक्रमको झलक ।

## तालिका – ७
## सुझाव प्रतिबेदन तयारीका लागि उप-समितिहरुको गठन र मुख्य कार्य जिम्मेवारी

| क्र.सं. | उप-समिति | संयोजक | मुख्यजिम्मेवारी |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व उप-समिति | महानिर्देशक, आन्तरिक राजस्व विभाग | आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क तथा आर्थिक ऐन बमोजिम लगाइने अन्य आन्तरिक कर सम्बन्धी नीतिगत र कानूनी विषय, करका दरहरूको पुनरावलोकन, प्रकियागत सरलीकरण र कर प्रणाली सुधार सम्बन्धी । |
| २ | भन्सार उप-समिति | महानिर्देशक, भन्सार विभाग | भन्सार दर पुनरावलोकन, मूल्याङ्कन प्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, व्यापार सहजीकरण र सीमा व्यवस्थापन सम्बन्धी । |
| ३ | राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उप-समिति | महानिर्देशक, राजस्व अनुसन्धान विभाग | राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान, सम्पत्ति शुद्धिकरण अनुसन्धान, विदेशी विनिमय नियमन तथा आर्थिक अपराध नियन्त्रण सम्बन्धी । |
| ४ | आर्थिक क्षेत्र (उद्योग, वाणिज्य, पर्यटन, रियल स्टेट, लगानी तथा निर्यात प्रवर्द्धन) उप-समिति | सह-सचिव, औद्योगिक प्रवर्द्धन महाशाखा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | औद्योगिक प्रवर्द्धन तथा संरक्षण, वाणिज्य, आयात निर्यात तथा वैदेशिक व्यापार, सेवा व्यापार, आपूर्ति व्यवस्थापन तथा लगानी प्रवर्द्धनको लागि गर्नुपर्ने नीतिगत र कानूनी सुधार, प्रक्रियागत सरलीकरण र कर तथा गैर कर प्रोत्साहन सम्बन्धी । |

| क्र.सं. | उप-समिति | संयोजक | मुख्यजिम्मेवारी |
|---|---|---|---|
| ५ | वित्तीय क्षेत्र (बैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीबजार) उप-समिति | सह-सचिव, वित्तीय व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय | बैंक, वित्तीय संस्था, बीमा, रेमिटेन्स, पूँजीबजार, सहकारी, आर्थिक नीति तथा रियल स्टेट सम्बन्धी । |
| ६ | गैरकरउप- समिति | सह-सचिव, योजना अनुगमन तथा मुल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय | नेपाल सरकारका विभिन्न निकायहरूबाट उठाइने गैर कर राजस्वको क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन सम्बन्धी । |
| ७ | अन्तर सरकारी राजस्व व्यवस्थापन उप-समिति | सह-सचिव, वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय | संघ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएको दोहोरोपना र देखिएका अन्य समस्या तथा समाधान सम्बन्धी । |

उपरोक्त बमोजिमका उप-समितिका संयोजकको संयोजकत्वमा आवश्यकता अनुसार बैठक वसी छलफल गरी विषयगत उप-समितिले आ-आफ्नो प्रतिबेदन नेपाल राजस्व परामर्श समिति समक्ष पेश गरेका थिए । उप-समितिहरुको विस्तृत विवरण अनुसूची-४ मा दिइएको छ ।

### ३.१.४. उद्योगी ब्यावसायीहरुसँग छलफल तथा अन्तर्क्रिया

संघीय तहमा समितिले देहायका वस्तुगत, विषयगत एवं पेशागत संघ संस्थाहरुसंग अन्तरक्रिया एवं छलफल गरी आर्थिक वर्ष २०७८/७९ को राजस्व नीति र कर प्रशासनमा सुधारको प्रतिबेदन प्रयोजनार्थ राय सुझाव संकलन गरेको थियो ।



विराटनगरमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रममा आफ्नो भनाई प्रस्तुत गर्दै एक सहभागी ।

## तालिका - ८

## वस्तुगत, विषयगत एवं पेशागत संघ संस्थाहरुसंग अन्तरक्रिया एवं छलफल

| मिति | संघसंस्था | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७/१२/०६ | नेपाल निर्माण व्यवसायी महासंघ | समितिको कार्यकक्ष | ९ |
| २०७७/१२/१० | नेपाल मदिरा उत्पादक संघ | धुलिखेल | ३९ |
| २०७७/१२/११ | ढुवानी व्यवसायी महासंघ | समितिको कार्यकक्ष | ९ |
| २०७७/१२/२० | नेपाल पल्प तथा पेपर उत्पादक संघ | समितिको कार्यकक्ष | १३ |
| २०७७/०१/०२ | Association of Charted Accountants of Nepal (ACAN) | समितिको कार्यकक्ष | ५ |

उपरोक्त विषयगत, बस्तुगत र पेशागत संघ संस्थाले छलफलमा सहभागी भई आगामी आ.ब. मा राजस्व नीति र कर सुधारका लागि लिखित एवं मौखिक रुपमा आ-आफ्ना राय सुझावहरु प्रस्तुत गरेका थिए ।

### ३.१.५. सार्वजानिक सूचना प्रकाशन मार्फत समितिमा सोझै सुझाव माग

आर्थिक वर्ष २०७८/७९ को राजस्व नीति र करका दर एवं राजस्व प्रणालीनमा गरिनुपर्ने सुधारका लागि इमेलमार्फत तथा समितिको सचिवालयमा सोझै प्राप्त हुने गरी सुझाव प्रस्तुत गर्न मिति २०७७ चैत्र १०, ११ र १२ गतेका दिन कारोबार दैनिक, नयाँ पत्रिका दैनिक र गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरिएको थियो । कतिपय निजी क्षेत्रका व्यक्ति, संघ, संस्था एवं विभिन्न पेशासँग सम्बन्धित निकायहरुले राजस्व नीतिले समेट्नु पर्ने विषयमा राय सुझाव प्रस्तुत गरेका थिए । यसरी राय सुझाव दिने संघ संस्थाहरुमा नेपाल निर्माण व्यवसायी महासंघ, औषधि उत्पादक संघ, नेपाल मदिरा उत्पादक संघ, ढुवानी व्यवसायी महासंघ, नेपाल पल्प तथा पेपर उत्पादक संघ, Association of Chartered Accountants of Nepal (ACAN) आदि रहेका थिए । त्यसैगरी समितिमा उद्योग, वाणिज्य र व्यापार क्षेत्रका प्रतिनिधिहरु व्यक्तिगत एवं सामूहिक रुपमा आई र मौखिक एवं लिखित रुपमा सुझाव


नेपाल सरकार
अर्थ मन्त्रालय
नेपाल राजस्व परामर्श समितिको
सूचना

आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमाका सन्दर्भमा राजस्व नीति, भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्त:शुल्क, गैरकर तथा राजस्व चुहावट नियन्त्रणका साथै समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा आफ्ना सुझावहरु मिति २०७७ चैत्र मसान्त सम्ममा देहायको ठेगानामा तथा यस समितिको वेवसाइटमा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ-संस्था, सरकारी निकाय, बुद्धिजिवीहरु एवं सरोकार राख्ने सबैमा नेपाल राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ ।

सुझाव पठाउने ठेगाना
नेपाल राजस्व परामर्श समिति, त्रिपुरेश्वर, काठमाडौं ।
e-mail: info@nrab.gov.np, nrab2020@gmail.com
website: www.nrab.gov.np

प्रस्तुत गर्ने कार्यहरु नियमित रुपमा भएका थिए । यस क्रममा ५० भन्दा बढी संघ संस्था र ब्यक्तिहरुले आ-आफ्नो राय सुझाव दिएका थिए ।

## ३.२ आर्थिक बर्ष २०७७/७८ को अर्धबार्षिक प्रतिबेदन तयारी तथा प्रस्तुति

समितिले वि.सं. २०७७ माघको अन्तिम हप्तामा आर्थिक वर्ष २०७७/७८ को राजस्वको अनुमान, नीति र कार्यक्रमको अर्धवार्षिक समीक्षा गरी संक्षिप्त प्रतिवेदन तयार गरी तत्कालीन माननीय अर्थ मन्त्रीज्यू समक्ष प्रस्तुत गरेको थियो । आर्थिक बर्ष २०७७/७८ को प्रथम छ महिनासम्मको राजस्व असुली, कोरोना प्रभाव र वार्षिक राजस्व लक्ष्य प्राप्तीमा छ महिनाको असूलीकोस्थिती विश्लेषण गरी परिमार्जित प्रक्षेपण सहितको अर्धबार्षिक प्रतिबेदन तयार गरिएको थियो ।



तत्कालीन माननीय अर्थमन्त्री समक्ष आर्थिक वर्ष २०७७/७८ को राजस्वको अर्धवार्षिक समीक्षा प्रतिबेदनबारे जानकारी गराउनुहुँदै समितिका अध्यक्ष महेश प्रसाद दहाल र साथमा सदस्य निर्मलहरि अधिकारी ।

## ३.३. विषय विशेषज्ञबाट राजस्व सम्बन्धी सान्दर्भिक विषयमा अध्ययन र अनुसन्धान

आर्थिक बर्ष २०७७/७८ को राजस्व परिचालनको नीति तथा कार्यक्रमको कार्यान्वयन तथा राजस्व परिचालनको स्थिति विश्लेषण गर्दै राजस्वका प्रमुख क्षेत्रहरुमा तत्काल अवलम्वन गर्नुपर्ने उपायहरु तथा आगामी आर्थिक वर्ष २०७८/७९ को राजस्व नीति, करका दर, राजस्व प्रशासन तथा बजेट एवं कार्यक्रमलाई समयसापेक्ष तथा प्रभावकारी पार्ने सन्दर्भमा देहायका प्राथमिकताका क्षेत्रहरु पहिल्याई अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने कार्य भएको थियो ।



यस्तो अध्ययन, अनुसन्धान तथा विश्लेषणको कार्य राजस्वको क्षेत्रमा लामो अध्ययन र अनुभव भएका विज्ञ व्यक्ति एवं विशेषज्ञ संघ सँस्थाहरुबाट गराइएको थियो । आ.ब. २०७७/७८ माभएका अध्ययन र विश्लेषणमा समेटिएका विषयहरु देहाय बमोजिम रहेका थिए:

- राजस्वमा योगदान दिने प्रमुख वस्तुहरुको भन्सार मूल्याङ्कन सम्बन्धी अध्ययन विश्लेषण,
- अन्तःशुल्कको संरचना र अन्तःशुल्कका खास खास वस्तुहरुको अध्ययन तथा विश्लेषण,
- सार्क मुलुकहरुमा सूर्तिजन्य वस्तुहरुमा लाग्ने करको तुलनात्मक अध्ययन,
- गैह्र कर राजस्वको प्रभावकारिता अध्ययन,
- Online Business लाई करको दायरामा ल्याउने सम्बन्धी अध्ययन,
- घर जग्गा कारोवार एजेन्सीलाई करको दायरामा समेट्ने सम्बन्धी अध्ययन,
- तीन तहको सरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्बन्धी अध्ययन,
- विश्व विद्यालयहरुको पाठ्यक्रममा राजस्व बिषय समावेश गर्ने तथा इन्टर्नसिप सन्चालन गर्ने सम्बन्धी अध्ययन,
- ढुवानी ब्यावसायमा लगाइएको मूल्य अभिबृद्धि कर कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन,
- हालसम्म भएका राजस्व परामर्श समितिका सिफारिशहरुको कार्यान्वयन स्थितिको विश्लेषण ।




उल्लिखित अध्ययन विश्लेषणको अधिकांश निस्कर्ष तथा सिफारिशहरुलाई आ.ब. २०७८/७९ मा गरिनु पर्ने राजस्व नीति र कर सुधारको प्रतिबेदनमा समावेश गरिएको छ । प्रतिबेदनमा समावेश गर्दा त्यस्ता सिफारिश तथा निष्कर्ष राजस्व प्रणाली सुधारको लागि आवश्यक भए नभएको, राज्यको क्षमता अनुरुपभए नभएको विषयमा यथेष्ठ ध्यान दिइएको छ ।

## ३.४. राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ तर्जुमा र प्रस्तुती

नेपाल सरकारलाई आगामी आर्थिक बर्ष २०७८/७९ को लागि राजस्व नीति, कर तथा राजस्व प्रशासन सुधार सम्बन्धमा बजेट पूर्व सुझाव सहितको प्रतिबेदन पेश गर्नु नेपाल राजस्व परामर्श समितिको एक प्रमुख जिम्मेवारीको रुपमा रहेको सन्दर्भमा नेपाल राजस्व परामर्श समितिले समितिको बार्षिक कार्यक्रम अनुरुप विभिन्न समयमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत संकलित राय सुझावको अभिलेखीकरण गरी त्यस्ता राय सुझावहरुको कार्यान्वयन पक्षको सम्भाब्यता तथा ब्यवहारिकता समेतको आधारमा प्रशोधन गरी "राजस्व नीति र कर सुधार प्रतिबेदन, २०७८" तर्जुमा गरेको थियो ।

प्रतिबेदन तयारीको क्रममा राजस्व परामर्श समितिका विगतका अध्ययन प्रतिबेदनहरु, विभिन्न आर्थिक वर्षका आर्थिक ऐनहरु, आर्थिक सर्बेक्षणहरु, पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) तथा राजस्व प्रशासनसँग सम्बन्धित ऐन नियम र निर्देशिकाहरुलाई आगामी बर्षको राजस्व नीति तर्जुमा गर्ने क्रममा सन्दर्भ सामग्रीहरुको रुपमा लिइएको थियो । त्यसैगरी प्रतिबेदन तयारी क्रममा वित्तीय सुधार कार्यदलको प्रतिवेदन, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ को प्रतिबेदन र प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिबेदन २०७५ लगायतका दस्ताबेजहरुको पनि अध्ययन एवं विश्लेषण गरिएको थियो ।



राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ तत्कालीन माननीय अर्थन्त्री समक्ष प्रस्तुत गरिदै

यसै क्रममा सार्क क्षेत्रका मुलुकहरुले सूर्तिजन्य पदार्थमा लगाएको अन्तःशुल्क महसूलको सैद्धान्तिक पक्ष, नीतितथा प्रक्रियाको समेत अध्ययन विश्लेषण गरिएको थियो । अध्ययन

विश्लेषणको क्रममा विश्व र दक्षिण एशियाका विभिन्न मुलुकहरुको कर प्रणालीको समेत संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको थियो ।

## ३.५. अन्य गतिविधिहरु

माथि उल्लेखित कार्यका अतिरिक्त नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७७/७८ मा देहायका अन्य कार्यहरु पनि सम्पन्न गरेको थियो ।

- समितिको चिनारी सहितको ब्रोसर (Brochure) प्रकाशन र वितरण,
- राजस्व श्रोत केन्द्र (Revenue Resources Center) को स्थापनाको लागि अवधारणा तयारी,
- राजस्व सम्बन्धी विज्ञ (व्यक्ति एवं संस्थाहरु) को विवरण (रोष्टर) तयारी,
- समितिको वेवसाईट (www.nrab.gov.np) निर्माण र सञ्चालन,
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग, नेपाल उद्योग परिसंघ, नेपाल विकास अनुसन्धान प्रतिष्ठान, नेपाल चेम्बर अफ कमर्श र नेपाल उद्योग वाणिज्य महासंघका विभिन्न कार्यक्रमहरुमा प्रतिनिधित्त्व र सहभागिता ।

# परिच्छेद - ४

# कार्य सम्पादन स्थिति र प्रमुख उपलब्धिहरु

## ४.१ भौतिक प्रगति

### ४.१.१संस्थागत प्रबन्ध, भौतिक सुधार तथा जनशक्ति ब्यवस्थापन

आर्थिक बर्ष २०७७/७८ को भाद्रमा नेपाल राजस्व परामर्श समिति स्थापना भई कार्यारम्भ गरेको हो । शुरुवाती दिनमा कार्यालयको संस्थागत विकासका लागि भौतिक पूर्वाधार तथा जनशक्ति ब्यवस्थापन एक प्रमुख कार्यको रुपमा रहेको थियो । समितिले २०७७ भाद्र र असोज महिनामा कार्यालय स्थापना भएको जानकारी सार्वजनिकीकरण गर्ने तथा कार्यालयलाई तत्काल आवश्यक पर्ने फर्निचर, मेशीनरी उपकरण र अन्य सामग्रीहरुको प्रवन्ध गरेको थियो भने पौष मसान्तमा समितिको वेवसाईट निर्माण गरी सञ्चालनमा ल्याएको थियो । स्थापना र संस्थागत विकासका कार्यहरु (कार्यालय भवन, रंगरोगन तथा मर्मत सुधार गर्ने, टेबुल, कुर्सी, दराज, सोफासेट, पर्दा, कार्पेट, कम्प्यूटर, प्रिन्टर, प्रोजेक्टर खरिद गर्ने, टेलिफोन र इन्टरनेट जडान गर्ने काम) बाँकी अवधिमा सम्पन्न भएका थिए ।

त्यस्तै मानव संशाधन व्यवस्थापन गर्ने क्रममा समितिले अस्थायी दरबन्दीको लागि अर्थ मन्त्रालयमा सिफारिश गरेकोमा मन्त्रिपरिषद्बाट मिति २०७७ पौष २० गते राजपत्रांकिततर्फ ६ जना र राजपत्र अनंकिततर्फ ७ जना र श्रेणी विहिन ७ जना गरी कुल २० जना कर्मचारी रहनेगरी अस्थायी दरबन्दी स्वीकृत भएको थियो । यस अघि समितिले २०७७ कार्तिकसम्ममा समितिको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य सम्पन्न गरेको थियो । समितिमा निजी क्षेत्रको प्रतिनिधित्व गराउने विषय निजी क्षेत्रका संघ महासंघहरुले उठाइरहेको सन्दर्भमा नेपाल राजस्व परामर्श समितिको गठन आदेश संशोधन प्रस्ताव अर्थ मन्त्रालयमा पेश गर्ने तथा आवश्यकता अनुसार विज्ञहरु परिचालन गर्ने कार्यहरु आर्थिक बर्ष २०७७/७८ मा सम्पन्न भएका थिए ।

### ४.१.२ संगठन ब्यवस्थापन सर्बेक्षण

यस समितिको संगठन संरचना र कर्मचारी दरबन्दी ब्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल राजस्व परामर्श समितिको मिति २०७७/०५/१७ को निर्णय अनुसार देहाय अनुसारको संगठन तथा ब्यवस्थापन सर्भेक्षण कार्यदल गठन भएको थियो ।

- श्री भूमिराम शर्मा, सदस्य-सचिव, ने.रा.प.स. - संयोजक
- श्री केशर बहादुर पण्डित, निर्देशक, भन्सार विभाग - सदस्य

- श्री भोजराज घिमिरे, उप-सचिव, प्रशासन महाशाखा, प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
- श्री रविन्द्रजंग थापा, उप-सचिव, प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
- श्री मिलन था श्रेष्ठ, कम्प्यूटर अधिकृत, ने.रा.प.स. - सदस्य सचिव

कार्यदलले नेपाल राजस्व परामर्श समितिको प्रस्तावित सांगठनिक ढाँचा, दरबन्दी विवरण र सोको लागि लाग्ने लागतको विवरण, समितिको सचिवालयको कार्य विवरण र समितिका कर्मचारीहरुको कार्य विवरण सहितको प्रतिबेदन २०७७ कार्तिकमा नै समिति समक्ष पेश गरेको थियो । प्रतिवेदन अनुसार समितिमा उप समितिहरु एवं विज्ञ/विशेषज्ञ समूह रहने, रा.प. प्रथम श्रेणी (प्रशासन) को एक जना सदस्य-सचिव हुने र सदस्य-सचिव अन्तर्गत राजस्व समूहबाट उप-सचिव शाखा प्रमुख रहने गरी भन्सार तथा गैरकर अध्ययन विश्लेषण र आन्तरिक राजस्व अध्ययन गरी दुई वटा शाखा रहने प्रस्ताव गरिएको थियो । त्यस्तै राजस्व समूहबाट दुई दुई जना गरी कुल चार जना शाखा अधिकृत, कम्प्युटर अधिकृत एक जना, नायव सुब्बा (प्रशासन) एक जना, नायव सुब्बा (राजस्व) एक जना र लेखापाल एक जना रहने प्रतिबेदनमा प्रस्ताव गरिएको थियो । त्यस्तै प्रतिबेदनले करार अन्तर्गत चार जना कम्प्यूटर अपरेटर, हलुका सवारी चालक पाँच जना, कार्यालय सहयोगी चार जना र स्वीपर एक जना रहने गरी जम्मा २५ जनाको दरवन्दी प्रस्ताव गरेको थियो ।

समितिको निर्णयका साथ उक्त प्रतिबेदन अर्थ मन्त्रालयमा आवश्यक निर्णयका लागि पठाइएकोमा मिति २०७७/९/२३ मा अर्थ मन्त्रालयबाट प्राप्त पत्र अनुसार देहाय बमोजिमका पदहरु स्वीकृत भएको जानकारी प्राप्त भएको थियो ।

- सदस्य-सचिव (प्रशासकीय प्रमुख), रा.प. प्रथम, प्रशासन- १ जना
- उपसचिव, रा.प. द्धितीय, राजस्व- २ जना
- शाखा अधिकृत, रा.प. तृतीय, राजस्व- २ जना
- कम्प्यूटर अधिकृत, रा.प. तृतीय, विविध- १ जना
- नायव सुब्बा, रा.प. अनंकित प्रथम, राजस्व- ४ जना
- लेखापाल, रा.प. अनंकित प्रथम, लेखा- १ जना
- कम्प्यूटर अपरेटर, रा.प. अनंकित प्रथम, विविध- २ जना
- हलुका सवारी चालक, श्रेणी विहिन- ४ जना
- कार्यालय सहयोगी, श्रेणी विहिन- ३ जना

जम्मा २० जना

त्यस्तै कार्यदलले प्रतिबेदनमा नेपाल राजस्व परामर्श समितिको गठन आदेश बमोजिमका काम, कर्तब्य र अधिकारका अतिरिक्त समितिले सम्पादन गर्नुपर्ने देहायका थप कार्यहरु प्रस्ताव गरेको थियो ।

- राजस्व सम्बन्धी विज्ञहरुको सूची तयार गर्ने र अध्ययन, अनुसन्धान गराउने,
- समितिलाई आवश्यक पर्ने सूचना र तथ्यांक संकलन, प्रशोधन तथा विश्लेषण गर्ने,
- बार्षिक नीति तथा योजना तयार गर्ने,
- बार्षिक अनुमानित बजेट र कार्यक्रम तयार गरी प्रस्ताव गर्ने,
- संगठन तथा ब्यवस्थापन सर्बेक्षण तयारी गरी स्वीकृतिको लागि पेश गर्ने,
- जनशक्ति करारमा लिई कार्य गराउने,

समितिको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरुको प्रस्ताव तयार गरी स्वीकृतीको लागि पेश गर्ने ।

### ४.१.३ पदपूर्तिको अवस्था

नेपाल राजस्व परामर्श समितिमा आर्थिक बर्ष २०७७/७८ मा स्वीकृत दरबन्दीको तुलनामा केही हदसम्म पदपूर्ति भएपनि पूर्ण रुपमा पदपूर्ति हुन सकेको छैन । स्वीकृत पदहरुमध्ये उप-सचिब १ जना, शाखा अधिकृत १ जना, नायव सुब्बा ४ जना, कम्प्युटर अपरेटर १ जना, हल्का सवारी चालक २ जना र कार्यालय सहयोगी २ जना रिक्त रहेका छन् । स्थापनाको पहिलो बर्ष भएकोले संस्थागत विकास र बजेट ब्यवस्थामा पर्याप्तता तथा पूर्ण पदपूर्ति हुन नसकेको स्थिति छ । आगामी दिनमा समितिको सचिवालयको कार्यवोझ विश्लेषण गरी क्रमशः पदपूर्ति गर्दै जाने नीति लिइएको छ ।

### ४.१.४ अध्ययन, अनुसन्धान र विश्लेषण

समितिले आर्थिक बर्ष २०७७/७८ मा समितिलाई तोकिएको लक्ष्य बमोजिम राजस्व सम्बद्ध विविध विषयमा विज्ञहरुद्धारा अध्ययन एवं अनुसन्धान गराउने कार्य सम्पन्न गरेको थियो । यो कार्यका लागि समितिले अध्ययन गराउने प्रत्येक विषयका लागि अध्ययनको उद्देश्य, अध्ययनको क्षेत्र, अध्ययनको विधि, अध्ययनकर्ताको योग्यता एवं अध्ययन प्रतिबेदन पेश गर्ने विधि समेत उल्लेख गरी छुट्टाछुट्टै कार्यसूची (Terms for Reference) तयार गरी स्वीकृत गरेको थियो । सोही कार्यसूची बमोजिम छनौट भएका विज्ञहरुबाट समितिले देहायका विषयमा अध्ययन अनुसन्धान गराउने कार्य सम्पन्न गरी अध्ययनकर्ताहरुबाट अध्ययन र विश्लेषणको प्रतिबेदन प्राप्त गरेको थियो ।

## तालिका - ९

## राजस्व सम्बद्ध विषयमा विज्ञहरुद्धारा गराइएको अध्ययन एवं अनुसन्धान कार्यको विवरण

| क्र.सं. | अध्ययनको विषय | अध्ययनकर्ता ब्यक्ति/निकाय | प्रतिबेदन प्राप्त मिति |
|---|---|---|---|
| १ | राजस्वमा योगदान दिने प्रमुख वस्तुहरुको भन्सार मूल्याङ्कन सम्बन्धी अध्ययन विश्लेषण | श्री मित्रलाल रेग्मी<br>श्री गोविन्द प्रसाद श्रेष्ठ | २०७७/१२/३० |
| २ | अन्तःशुल्कको संरचना र अन्तःशुल्कका खास खास वस्तुहरुको अध्ययन तथा विश्लेषण | Revenue Study Consultancy Services | २०७७/१२/३० |
| ३ | सार्क मुलुकहरुमा सूर्तिजन्य वस्तुहरुमा लाग्ने करको तुलनात्मक अध्ययन | Nepal Development Research Institute | २०७७/१२/३० |
| ४ | गैह्र कर राजस्वको प्रभावकारिता अध्ययन | न्यू डाइमेन्सन कन्सल्टेन्सी एण्ड सर्भिसेज | २०७७/१२/३० |
| ५ | Online Business लाई करको दायरामा ल्याउने सम्बन्धी अध्ययन | प्रोफेशनल कम्प्युटर सिस्टम प्रा.लि. | २०७७/१२/३० |
| ६ | घर जग्गा कारोवार एजेन्सीलाई करको दायरामा समेट्ने सम्बन्धी अध्ययन | Nepal Institute for Urban and Regional Studies | २०७७/१२/३० |
| ७ | तीन तहको सरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्बन्धी अध्ययन | स्वशासन अध्ययन प्रतिष्ठान | २०७७/१२/३० |
| ८ | विश्व विद्यालयहरुको पाठ्यक्रममा राजस्व बिषय समावेश गर्ने तथा इन्टर्नसिप सन्चालन गर्ने सम्बन्धी अध्ययन | एस.डी.आर. एशोसिएट्स | २०७७/१२/३० |
| ९ | ढुवानी ब्यावसायमा लगाइएको मूल्य अभिबृद्धि कर कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन | एस.डी.आर. एसोसिएट्स | २०७७/१२/३० |
| १० | हालसम्म भएका राजस्व परामर्श समितिका सिफारिशहरुको कार्यान्वयन स्थितिको विश्लेषण | हेमन्त बस्याल(CFA) | २०७७/१२/३० |

### ४.१.५ सेमिनार, छलफल तथा अन्तर्क्रिया कार्यक्रममार्फत सुझाव संकलन

आर्थिक बर्ष २०७७/७८ मा नेपाल राजस्व परामर्श समितिले समितिको बारेमा जानकारी गराउने साथै राजस्व सम्बन्धी विषयमा सुझाव प्राप्त गर्ने उद्देश्यले सेमिनार, छलफल तथा अन्तर्क्रिया गर्ने लक्ष्य अनुरुप प्रतिबेदनको परिच्छेद-३ मा उल्लेख भए बमोजिमका

देहायका सरकारी निकाय, निजी क्षेत्रका छाता संगठन एवं अन्य ब्यक्ति तथा निकायहरुसँग सेमिनार, छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको थियो । संघीय र प्रदेशस्तरमा सञ्चालित उक्त सेमिनार, छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुबाट संकलित सुझावहरुमध्ये एकै प्रकृतिका सुझावलाई एक सुझावको रुपमा गणना गर्दा नीतिगत, क्षेत्रगत तथा विषयगत रुपमा १३० भन्दा बढी सुझावहरु संकलन भएका थिए ।

### ४.१.६ उप-समिति मार्फत सुझाव संकलन

नेपाल राजस्व परामर्श समितिले प्रतिबेदनको परिच्देद-३ मा उल्लेख भए बमोजिम उप-समितिहरु गठन गरे पश्चात उक्त उप-समितिहरुले आयोजना गरेका बैठकहरुमा समितिबाट समेत प्रतिनिधित्व भई विभिन्न मिति र समयमा बसेका बैठकहरुबाट उठेका विषयहरु समेटी देहायका मितिमा उपसमितिहरुले तोकिएको कार्यसूची बमोजिम आ-आफ्नो प्रतिबेदन समिति समक्ष पेश गरेका थिए ।

**तालिका – १०**

**उप-समितिहरुबाट प्रतिबेदन प्राप्ति**

| क्र.सं. | उपसमितिको नाम | प्रतिबेदन पेश गरेको मिति |
|---|---|---|
| १ | आन्तरिक राजस्व उप-समिति | २०७७/१२/२२ |
| २ | भन्सार उप-समिति | २०७७/१२/२२ |
| ३ | राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति | २०७७/१२/१६ |
| ४ | आर्थिक क्षेत्र (उद्योग, वाणिज्य, पर्यटन, रियल स्टेट, लगानी तथा निर्यात प्रवर्द्धन) उप-समिति | २०७७/१२/२२ |
| ५ | वित्तीय क्षेत्र (वैंक, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजीवजार) उप-समिति | २०७७/१२/१८ |
| ६ | गैर कर उप-समिति | २०७७/१२/२५ |
| ७ | अन्तर सरकारी राजस्व व्यवस्थापन उप-समिति | २०७७/१२/२४ |

### ४.१.७ पत्रपत्रिकामा सूचना प्रकाशित गरी सुझाव संकलन

आर्थिक बर्ष २०७८/७९ को लागि बजेट पूर्व नेपाल राजस्व परामर्श समितिले तत्कालिन अर्थन्त्री समक्ष पेश गर्ने "राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८" को तयारीको क्रममा यस प्रतिबेदनको परिच्छेद ३ मा उल्लेख भए बमोजिम राष्ट्रियस्तरका पत्रपत्रिकामा सूचना प्रकाशन गरी सार्वजनिक रुपमा सुझाव माग गरिएकोमा विभिन्न ब्यक्ति

तथा सँस्थाहरु बाट आयकर, मु.अ.कर, भन्सार, अन्तःशुल्क तथा गैरकर लगायतका विषयमा ९० भन्दा बढी सुझावहरु प्राप्त भएका थिए ।

### ४.१.८ राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८ तयारी

नेपाल राजस्व परामर्श समितिले कर कानूनहरुमा सुधार, राजस्व प्रणाली सुधार, करका दरहरुमा गर्नुपर्ने परिवर्तन र कार्यप्रक्रिया सरलीकरणका क्षेत्रमा गर्नुपर्ने सुधारहरु समेटी तयार पारेको आर्थिक बर्ष २०७८/७९ को लागि "राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदन, २०७८" तत्कालीन माननीय अर्थन्त्री समक्ष मिति २०७८/१/३१ मा प्रस्तुत गरेको थियो। उक्त प्रतिवेदनलाई पुस्तकका रुपमा प्रकाशन एवं अर्थ मन्त्रालय र यस समितिको वेवसाइटमा समेत राखी सार्वजनिक गरिसकिएको छ । सो प्रतिबेदनका प्रमुख सुझाव एवं सिफारिशहरुलाई अनुसूची - ४ मा उल्लेख गरिएको छ ।

## ४.२ <u>वित्तीय प्रगति</u>

समितिको लागि आर्थिक बर्ष २०७७/७८ मा पूँजीगत तर्फ रु. ५४ लाख ५० हजार र चालु तर्फ रु. १ करोड ५८ लाख ८० हजार गरी कुल रु. २ करोड १३ लाख ३० हजार विनियोजन भएकोमा पूँजीगत तर्फ खर्च रु. ४० लाख ७८ हजार र चालु तर्फ खर्च रु. १ करोड १ लाख ४३ हजार गरी कुल रु. १ करोड ४२ लाख २१ हजार खर्च भएको छ । जुन कूल विनियोजनको ६७ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०७७/७८ मा पूँजीगत तर्फ बिनियोजनको ७५ प्रतिशत र चालू तर्फ बिनियोजनको ६४ प्रतिशत खर्च भएको थियो । स्थापना र सञ्चालनमा ढिलाई तथा कोभिडको कारण स्थलगत अनुगमन एवं छलफलमा वाधा पर्न गएको तथा सचिवालयमा पर्याप्त कर्मचारीको अभावका कारण पनि अपेक्षा अनुरुप खर्च हुन नसकेको देखिन्छ ।

## ४.३ <u>अन्य</u>

नेपाल राजस्व परामर्श समितिको समग्र संगठनात्मक विकासका लागि समितिले अन्य केही महत्वपूर्ण उपलब्धिहरु हाँसिल गरेको थियो । जस अन्तर्गत नेपाल राजस्व परामर्श समितिको वैठक संचालन, सुशासन प्रवर्द्धन सम्बन्धी समेतका कार्यहरु प्रमुख थिए ।

### ४.३.१ समितिका बैठक तथा निर्णय

नेपाल राजस्व परामर्श समितिको वोर्ड वैठकका निर्णयहरुले समितिले र समितिको सचिवालयले सम्पादन गर्ने कार्यलाई निर्देशित गर्ने गर्दछन् । आर्थिक बर्ष २०७७/७८ मा समितिको ४० वटा बैठक वसी विभिन्न विषयमा निर्णयहरु भएका छन् । बैठकका सवै निर्णय सर्वसम्मतिका आधारमा भएका छन् ।

समितिको पहिलो बैठक मिति २०७७/५/१७ मा बसी समितिको औपचारिक कार्य शुभारम्भ गरिएको थियो । समितिको शुरुवाती बर्ष भएकोले शुरुका बैठकहरुमा समितिको वेवसाईट निर्माण तथा सञ्चालन, कार्यालय स्थापना र पूर्वाधार ब्यवस्थापन, बजेट तथा कार्यक्रम स्वीकृती, संगठन एवं ब्यवस्थापन सर्भेक्षण स्वीकृति, समितिमा निजी क्षेत्रको सहभागिताको लागि गठन आदेशमा परिमार्जन गर्न अर्थ मन्त्रालयमा सिफारिस जस्ता विषयमा निर्णयहरु भएका थिए ।

त्यसैगरी स्वीकृत कार्यक्रमको कार्यान्वयनको सिलसिलामा संघीय तहमा गरिने अन्तर्क्रिया कार्यक्रम सञ्चालन, उप-समिति गठन, प्रदेश राजधानी र ब्यापारिक केन्द्रहरुमा सञ्चालन गरिने अन्तर्क्रिया कार्यक्रमको Modality र TOR स्वीकृती, अध्ययन र विश्लेषण गर्ने प्राथिमकताका क्षेत्रहरुको पहिचान एवं समन्वय गर्नुपर्ने विषय तथा आर्थिक बर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम तयारी सम्बन्धी आवश्यक निर्णयहरु त्यसपछिका बैठकहरुमा गरिएका थिए ।

समितिको मुख्य जिम्मेवारी अध्ययन, अनुसन्धान र अन्तर्क्रियाका माध्यमबाट प्राप्त सुझाव एवं निष्कर्षहरुलाई समेटी राजस्व नीति निर्माणका सम्बन्धमा आवश्यक र कार्यान्वयनयोग्य सुझावहरु नेपाल सरकारलाई दिनु नै हो । समितिका अधिकांश बैठकहरु सुझाव तयारीको सिलसिलामा प्राप्त राय सुझावहरुको छलफल र विश्लेषण गरी प्रतिबेदन तयार गरी प्रस्तुत गर्ने कार्यमा केन्द्रित रहेका थिए । आर्थिक बर्ष २०७७/७८ को अन्तिम बैठक २०७८/२/३० मा वसेको थियो । सो बैठकले समितिका स्वीकृत बार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको समीक्षा गरिएको थियो भने बार्षिक प्रतिबेदन तयारीको लागि ब्यवस्थापनलाई आवश्यक निर्देशन दिने निर्णय भएको थियो ।

### ४.३.२ सुशासन प्रवर्द्धन

नेपाल राजस्व परामर्श समितिले आर्थिक बर्ष २०७७/७८ मा आफ्नै वेवसाइट (www.nrab.gov.np) निर्माण गरी सञ्चालनमा ल्याएको छ । वेवसाईटलाई प्रयोगकर्ता अनुकुल र बढी जानकारीमूलक एवं अन्तर्क्रियात्मक (Interactive) बनाउने उद्देश्यले नेपाल राजस्व परामर्श समितिको आधारभूत जानकारीका अतिरिक्त राजस्वसँग सम्बन्धित ऐन/कानुन, समितिको बार्षिक कार्यक्रम लगायतका जानकारीहरु वेवसाईटमा समावेश गरिएको छ । राजस्व नीति तथा अन्य राजस्व सम्बन्धी सुझाव संकलनलाई छिटो, छरितो एवं प्रविधिमैत्री बनाउन वेवसाईटमा सोझै सुझाव पठाउन मिल्ने गरी अनलाईन फारामको ब्यवस्था समेत गरिएको छ । समितिमा प्रबक्ता तथा सूचना अधिकृतको रुपमा कार्य गर्नेगरी समितिका उप-सचिव श्री खेमनारायण रेग्मीलाई तोकिएको छ ।

त्यस्तै कोरोना भाइरसको महामारीबाट सिर्जित हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै समितिमा भर्चुअल बैठकको लागि आवश्यक पूर्बाधार तयार गर्ने कार्यको प्रारम्भ गरिएको

छ। आर्थिक बर्ष २०७७/७८ मा राजस्व परामर्श समिति अन्तर्गत एक राजस्व श्रोत केन्द्र रहने गरी अवधारणा विकास गरिएको छ ।

समितिबाट भए गरेका प्रमुख कार्यहरु प्रेस विज्ञप्तिद्धारा जानकारी गराउने र यस्तो सूचना/विज्ञप्ती वेवसाईटमा राख्ने व्यवस्था मिलाइएको छ । राजस्व परामर्श वुलेटिन प्रकाशन गर्ने र आवश्यकता अनुरुप आर्थिक र वित्तीय क्षेत्रका पत्रकारसँग छलफल र अन्तर्क्रिया गर्ने गरिएको छ ।

# परिच्छेद - ५

# समस्या तथा चुनौतीहरु

नेपालको समग्र राजस्व प्रणालीको अध्ययन, अनुसन्धान र विश्लेषण गरी सुझाव प्रस्तुत गर्ने केन्द्रको रुपमा रहने नेपाल राजस्व परामर्श समितिले आफ्नो स्थापनाको एक बर्ष पुरा गरेको छ । शुन्यबाट कार्यारम्भ गरेको समितिले कोभिड-१९ को महामारीको बाबजूद पनि विगत एक वर्षको अवधिमा निर्धारित कार्य लक्ष्यहरु पूरा गरेको छ । स्थापना पछीको एकवर्षे कार्यकालमा कार्य सम्पादनको सिलसिलामा अनुभूत गरेका केही मुलभूत समस्या तथा चुनौतिहरुलाई बूँदागत रुपमा यस परिच्छेदमा उल्लेख गरिएकोछ ।

## ५.१ <u>कानुनी ब्यवस्थामा अपर्याप्तता</u>

विकास समिति ऐन, २०१३ अनुरुप नेपाल सरकारले मिति २०७६/१०/२० मा नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ जारी गरेको हो । उक्त ऐनको दफा ३ को उपदफा (१) मा नेपाल सरकारले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्धारा सोही आदेशमा तोकिए बमोजिम विकास आयोजना वा विकास कार्यलाई कार्यान्वयन गर्न समिति गठन गर्न सकिने ब्यवस्था अनुरुप समिति गठन भएको देखिन्छ । सामान्यतः नेपाल राजस्व परामर्श समितिको कार्य प्रकृति हेर्दा विकास आयोजना जस्तो प्रकृतिको भने होइन । यो त नियमित प्रकृतिको केन्द्रीय स्तरको संगठनको सोचमा स्थापित हुनुपर्ने हो । जहाँ स्थायी प्रकृतिको कार्यालय हुन्छ र बोर्डका पदाधिकारीहरु विशेषज्ञ (Expert) को रुपमा रहन्छन् र तिनीहरुको नियुक्ति निश्चित अवधिको लागि हुन्छ। तर समितिको गठन आदेश उक्त सोच अनुरुप नभएकाले कार्यालय अस्थायी, दरबन्दी अस्थायी र पदपूर्ति पनि अस्थायी प्रकृतिको नै देखिन्छ । यसरी राजस्व परामर्श समितिलाई विगतको अस्थायी संरचनाबाट स्थायी संरचनाको रुपमा स्थापना गर्ने सोचसँगै प्रस्तुत गठन आदेश यसको स्थापनाको मर्म अनुरुप हुवहु मेल खाएको देखिदैन । अतः समितिको विद्यमान कानूनी ब्यवस्था पर्याप्त नदेखिदा कतिपय स्थितिमा यसको कार्यसूची (TOR) अनुरुप कार्य सम्पादन गर्ने सन्दर्भमा समस्या श्रृजना हुने देखिन्छ ।

## ५.२ <u>समिति (Board) को स्वरुप</u>

राजस्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्व नभएको गुनासो बारम्बार उठ्ने गरेको छ । पूर्णकालीन समितिमा निजी क्षेत्र र सार्बजानिक क्षेत्र छुट्याएर प्रतिनिधित्व गराउन सम्भव नहुने र निजी क्षेत्रको एकल निकायको प्रतिनिधित्वको औचित्य पनि नरहने सन्दर्भमा समिति (Board) मा निजी क्षेत्रका प्रमुख छाता संगठनहरुको प्रतिनिधित्व गराउने कार्य चूनौती र अवसर दुबै बनेको छ । आगामी दिनमा निजी क्षेत्र समेतको उपयुक्त

प्रतिनिधित्त्व रहने गरी समितिको गठन आदेशमा परिमार्जन गर्नुपर्ने आवश्यकता खड्किएको छ ।

## ५.३ रिक्त सदस्यको पदपूर्ति

तीन सदस्यीय समिति (Board) मा पदपूर्तिका लागि विज्ञापन भई छनौट समितिको सिफारिश समेतको आधारमा २०७७ साल भाद्र १ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार अध्यक्ष सहित २ सदस्यको पदपूर्ति भएको छ । तर रिक्त एक सदस्यको पदपूर्ति एक वर्षसम्म पनि हुन सकेको छैन । फलतः समितिलाई तोकिएको कार्य जिम्मेवारी तोकिएको समयमा सम्पन्न गर्न र कार्य विभाजन गरी कार्य सम्पादन गर्ने कार्यमा कठिनाई उत्पन्न भएको छ ।

## ५.४ कर्मचारी दरबन्दी र पदपूर्ति

बोर्डको सचिवालयमा बर्षेनी अस्थायी दरबन्दी श्रृजना गरी कर्मचारी पदपूर्ति गर्ने ब्यवस्था अनुरुप हाल सह-सचिव १ जना, उप-सचिव २ जना र शाखा अधिकृत २ जना सहित सहायक स्तर, सवारी चालक र कार्यालय सहयोगी गरी जम्मा २० जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ । यी दरबन्दी मध्ये सह-सचिव १ जना, उप-सचिव १ जना र शाखा अधिकृत १ जना, कम्प्युटर अधिकृत १ जना सहित जम्मा १० जना मात्र पदपूर्ति भएको छ । यसरी अस्थायी दरबन्दी श्रृजना गर्ने, अस्थायी दरबन्दीमा स्थायी कर्मचारी काज खटाउँदा कर्मचारीको लियन पद राख्ने कार्यमा कठिनाई हुने, काजबाट पदपूर्ति गर्नुपर्दा पूरै कर्मचारी पदपूर्ति नहुने, पदपूर्ति गर्दा पनि अध्ययन र अनुसन्धानमा रुचि राख्ने कर्मचारी उपलव्ध नहुने जस्ता समस्याबाट समिति ग्रसित छ । परिणामस्वरुप समितिको गुणस्तरीय अध्ययन, अनुसन्धान र विश्लेषण कार्यमा कठिनाई देखा परेको छ ।

## ५.५ कार्यालय भवनको अपर्याप्तता

काठमाणडौ, त्रिपुरेश्वरस्थित भन्सार विभाग परिसरमा ३ वटा भवनहरु रहेका छन् । तीन वर्ष अगाडि निर्माण सम्पन्न भएको नयाँ भवनमा भन्सार विभाग बसेको छ भने २ वटा भवन मध्ये एउटा भवनको पहिलो तलाका ४ वटा कोठामा नेपाल राजस्व परामर्श समिति र बाँकी सम्पूर्ण स्थानमा भन्सार जाँचपास परीक्षण (Post Clearance Audit – PCA) कार्यालय रहेको छ । अतः भन्सार जाँचपास परीक्षण कार्यालय (PCA) लाई एउटा भवनमा सीमित गरी राजस्व परामर्श समितिलाई हाल रहिरहेको भवनको पहिलो र दोस्रो तल्ला उपलब्ध हुने भनिएतापनि हालसम्म सो अनुरुप ब्यवस्थापन नहुँदा दरबन्दी अनुसारको कर्मचारीलाई काम गर्ने ठाउँ उपलब्ध नभएको र राजस्व श्रोत केन्द्र (Revenue Resource Center) को स्थापना हुन नसकेको स्थिति छ । त्यसैगरी स्थानाभावका कारण विज्ञहरु

करारमा लिई उनीहरुको विशेषज्ञ सेवा लिन नसकिएको अवस्था छ । यसले समितिको समग्र कार्य सम्पादनमा प्रत्यक्ष असर पर्न गएको छ ।

## ५.६ कार्य सम्पादन प्रोत्साहन व्यवस्था नहुनु

समितिबाट विशिष्ट प्रकारको अध्ययन, अनुसन्धान र विश्लेषणको काम गर्नुपर्ने हुँदा समितिको सचिवालयमा काम गर्ने कर्मचारीहरु उम्दा हुन आवश्यक छ । अध्ययन र अनुसन्धानको काममा खटिने कर्मचारीले तोकिएको कार्यालय समय भन्दा बढी समय काम गर्नुपर्ने अवस्था पनि हुन्छ । राजस्व प्रशासनमा खटिएका उम्दा कर्मचारीहरुलाई आकर्षित गर्न र कार्यालय समय भन्दा बढी समय काममा लगाउन कार्य सम्पादन प्रोत्साहन (Performance Based Incentive System – PBIS) नहुँदा कठिनाई भएको छ ।

# परिच्छेद - ६

# भावी कार्यदिशा

नेपालको राजस्व प्रणालीलाई प्रभावकारी, नतिजामुखी एवं दीगो बनाउन र स्वायत्त संस्था (Automomous Body) को रुपमा राजस्व प्रणालीको स्थापना र विकास गर्न अन्य मुलुकहरुले गरेको अभ्यास अनुरुप करीब ४ दशक देखि नै छुट्टै राजस्व प्राधिकरण (Revenue Authority) वा राजस्व बोर्ड (Revenue Board) गठन गर्ने भनिए तापनि सो कार्य हुन सकेन । राजस्व प्रणालीलाई हालको निजामती सेवाबाट बाहिर राखी छुट्टै राजस्व प्राधिकरण वा बोर्ड मातहत सञ्चालन गर्दा राजस्व प्रणालीमा योग्यता र विज्ञताको संरक्षण हुने, राजस्व नीति, राजस्व छुट र राजस्व संरचना एवं सञ्चालन लगायतका विषयमा विज्ञ सदस्य रहेको बोर्डबाट हुने निर्णय निष्पक्ष र पारदर्शी हुने र कर्मचारीका सेवा सुविधालाई नतीजासंग जोडेर लैजान सकिने समेत पृष्ठभूमिमा कार्यकारी अधिकार सहितको राजस्व बोर्डको अवधारणा अनुरुप राजस्व बोर्ड विधेयकको मस्यौदा अर्थ मन्त्रालयमा छलफलकै चरणमा रहेको बुझिएको छ । उल्लिखित अवधारणालाई मुर्तरुप दिन थप छलफल र गृहकार्य आवश्यक भएको पृष्ठभूमिमा तत्काललाई मुलतः नीतिगत परामर्शको कार्यभार सहितको वर्तमान नेपाल राजस्व परामर्श समिति (राजस्व बोर्ड) गठन भएको हो । तसर्थ यो बोर्डलाई नेपालको समग्र राजस्व प्रणालीको अध्ययन र अनुसन्धानका लागि उत्कृष्टताको केन्द्र (Centre for Excellence) को रुपमा अगाडि बढाउँदै भविष्यमा कार्यकारी अधिकार सहितको राजस्व बोर्ड गठनको लागि पूर्वाधारहरु तयार गर्दै जाने गरी परिचालन गर्न उपयुक्त हुन्छ । यो बोर्डलाई राजस्वको क्षेत्रमा अध्ययन र अनुसन्धानमूलक कार्य गर्ने स्वायत्त ब्यवसायिक संस्थाको रुपमा विकास गर्दै राजस्वको बौद्धिक केन्द्र (Revenue Think Tank) र सार्वजनिक निजी क्षेत्रको सम्वाद मञ्च (Public-Private Sector Dialogue Forum) को रुपमा संचालन गर्न आगामी दिनमा देहायका सुधारहरु गर्नु गराउनु आवश्यक देखिन्छ ।

## ६.१ <u>कानूनी संरचनामा सुधार</u>

कार्यकारी अधिकार सहितको राजस्व बोर्ड गठनको अवधारणा र कानून निर्माणको सम्बन्धमा स्पष्ट नहुन्जेल हालको नेपाल राजस्व परामर्श समितिको कानूनी संरचनामा देहाय बमोजिमको सुधार गर्न उपयुक्त हुने देखिन्छः

- राजस्व परामर्श समितिमा निजी क्षेत्रका छाता संगठनहरुको प्रतिनिधित्वका लागि राजस्व परामर्श परिषद्को प्रावधान थप गरी परिषद्को मार्ग निर्देशनमा बोर्डले काम गर्ने गरी गठन आदेशमा परिमार्जन गर्ने ब्यवस्था मिलाउने ।
- बोर्ड गठन, बोर्डका अध्यक्ष एवं सदस्यको सेवा सुविधा तथा काम, कर्तव्य र अधिकारमा मात्र गठन आदेश सीमित गरी गठन आदेशको परिमार्जन गर्ने ।

- संगठन तथा ब्यवस्थापन सर्भेक्षण पुनरावलोकन गरी नेपाल राजस्व परामर्श समितिको सचिवालयलाई नेपाल सरकारको स्थायी निकायको रुपमा कायम गर्ने व्यवस्था मिलाउने ।

## ६.२ रिक्त सदस्य पदको पदपूर्ति

वर्तमान नेपाल राजस्व परामर्श समितिमा तीन सदस्यीय बोर्डको प्राबधान भए अनुरुप अध्यक्ष सहित एक सदस्य पदपूर्ति भएको छ । तर अर्को एक सदस्य रिक्त नै रहेको हुँदा यथाशीघ्र पदपूर्ति गरी बोर्डलाई पूर्णता दिन सकेमा यसले बोर्डको कार्य सम्पादन र निर्णय प्रक्रियामा थप योगदान दिने देखिन्छ ।

## ६.३ सचिवालय, पदश्रृजना र पदपूर्तिको ब्यवस्था

राजस्व परामर्श समितिको सचिवालयलाई अर्थ मन्त्रालय मातहतको संघियस्तरको स्थायी संरचना सहितको कार्यालयको रुपमा राख्न आवश्यक देखिन्छ । यसका लागि निजामती सेवा ऐन अनुरुप संगठन तथा ब्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी कार्यालय स्थापना र दरबन्दी श्रृजना गरी कार्यालय तथा दरबन्दी निजामती कितावखानामा दर्ता गर्न उपयुक्त हुन्छ । यसो भएमा दरबन्दी अनुसारको स्थायी कर्मचारी पदस्थापन गर्न सहज हुन जान्छ र अहिलेको अस्थायी कार्यालय, अस्थायी दरबन्दी र काज पदस्थापन गर्ने परिपाटीको अन्त्य हुन्छ । हालको कर्मचारीको लियन पदको अन्यौलता पनि समाप्त हुन्छ ।

उपरोक्तानुसारको ब्यवस्था नहुन्जेल चालु आर्थिक वर्षका लागि अस्थायी दरबन्दी श्रृजना हुन र अधिकृतस्तरका सबै दरबन्दीमा स्थायी कर्मचारीहरु काजबाट पदपूर्ति हुन आवश्यक देखिन्छ । यसरी पदपूर्ति गर्दा मुलतः अधिकृतस्तरको पदहरुमा अध्ययन र अनुसन्धानमा विशेष अभिरुचि भएका र राजस्व प्रणालीको अध्ययन तथा अनुभव भएका कर्मचारीबाट पदस्थापन हुन आवश्यक छ। सहायकस्तरको दरवन्दीमा प्रशासन र लेखा हेर्ने बाहेकका अन्य दरवन्दी करार सेवाबाट पूर्ति गर्ने नीति लिन उपयुक्त हुने देखिन्छ ।

## ६.४ कार्यालय भवन र स्थानको उपलब्धता

रिक्त सदस्य र रिक्त दरबन्दीका कर्मचारीको लागि कार्यस्थल पर्याप्त नभएको र राजस्व श्रोत केन्द्र (Revenue Resource Center) स्थापनाका लागि पनि स्थान अभाव भएको हुँदा हाल भन्सार जाँचपास परीक्षणको कार्यालय (PCA) ले उपयोग गरिरहेको दोश्रो तल्ला पनि राजस्व परामर्श समितिलाई उपलब्ध गराई PCA लाई अर्को भवनमा Accommodate गर्न सके तत्काललाई वोर्ड सदस्य र कर्मचारीलाई बस्ने ठाउँ एवं श्रोत केन्द्र स्थापनाको लागि आवश्यक पर्ने स्थानको ब्यवस्थापन गर्न सकिने देखिन्छ ।

## ६.५ कार्य सम्पादन प्रोत्साहन

राजस्व परामर्श समितिमा विज्ञ कर्मचारीलई आकर्षण गर्न र कार्यालय समयको पावन्दी नराखी तोकिएका कार्य सम्पन्न गर्न कार्य सम्पादन सूचकहरुको आधारमा कार्य सम्पादन प्रोत्साहन भत्ता उपलब्ध गराउन उपयुक्त देखिन्छ ।

## ६.६ अन्य आधारभूत संस्थागत पूर्वाधार

बोर्डको सुसञ्चालनका लागि आवश्यक पर्ने पुर्वाधार - वैठक कक्षहरु, सभा हल, सवारी साधन लगायतको आधारभूत पक्षलाई सुदृढीकरण गरी बोर्डलाई एक कार्यमूलक निकायको रुपमा स्थापित गर्न जरुरी देखिएको छ ।

## परिच्छेद - ७

## उपसंहार

लोकोक्ति नै छ - सुधार निरन्तर प्रक्रिया हो । यसको अन्तिम गन्तब्य (Destination) हुँदैन। त्यसमा पनि एक क्षेत्रमा भएको सुधारले अर्को क्षेत्रमा समस्या श्रृजना गर्ने स्थिति हुन्छ । संगठनात्मक सुधारको कार्य आफैमा चुनौतिपूर्ण तर अपरिहार्य हुन्छ । नेपाल राजस्व परामर्श समितिको संस्थागत सुदृढीकरण निरन्तर रुपमा भइरहन आवश्यक छ । माथि सुझाव खण्डमा उल्लेख गरेझैं स्वायत्त कार्यकारी राजस्व वोर्डको अवधारणालाई केन्द्रविन्दुमा राखी तत्कालका लागि राजस्व सम्बन्धी अध्ययन, अनुसन्धान, विश्लेषण र नीतिगत सुधारको कार्य जिम्मेवारी प्राप्त गरेको यस समितिलाई प्रभावकारी र नतिजामुखी निकायको रुपमा अघि बढाउँदै प्राप्त राय सुझावहरु कार्यान्वयनद्वारा समग्र राजस्व प्रणालीमा क्रमशः सुधार गर्दै जानु आजको आवश्यकता पनि हो । यसलाई राजस्व सम्बन्धी प्रबुद्ध मण्डल (Think Tank) को रुपमा, सार्वजनिक निजी सम्वाद मञ्च (Public Private Dialogue Forum) को रुपमा र सरकारको राजस्व व्यवस्थापनको क्षेत्रमा परामर्शदातृ संस्थाको रुपमा स्थापित गर्दै लैजान पनि उत्तिकै आवश्यक छ । यसका लागि माथि उल्लेख गरिएका कानूनी, भौतिक पूर्वाधार, संरचनागत र प्रक्रियागत सुधारका लागि सम्बद्ध निकायहरुबाट समितिले विगतमा झैं सहजीकरण र सहयोगको अपेक्षा गरेको छ ।

# अनुसूचीहरु

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, माघ २० गते, २०७६ साल (संख्या ४३

## भाग ३

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

## नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नेपाल राजस्व परामर्श विकास समिति सम्झनु पर्छ।

(च) “सिफारिस समिति” भन्नाले दफा ४ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ।

३. <u>समितिको गठन</u>: (१) राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिन तथा सिफारिस गर्न एक नेपाल राजस्व परामर्श विकास समितिको गठन गरिएको छ।

(२) समितिमा एक जना अध्यक्ष र दुई जना सदस्यहरू रहनेछन् ।

(३) अध्यक्ष तथा सदस्यको नियुक्ति सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले गर्नेछ।

४. <u>सिफारिस समिति</u>: (१) समितिको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवारको सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) मन्त्रालयले तोकेको एक जना राजस्व विज्ञ सहित दुई जना विज्ञ -सदस्य

(२) सिफारिस समितिले अध्यक्ष वा सदस्य नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्दा दफा ५ बमोजिम योग्यता पुगेका व्यक्तिहरुमध्येबाट उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्नु पर्नेछ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम उम्मेदवारको नाम सिफारिस गर्दा उपलब्ध भएसम्म प्रत्येक पदको बढीमा तेब्बर सङ्ख्यामा उम्मेदवारको नाम सिफारिस गर्नु पर्नेछ।

(४) सिफारिस समितिको कार्यविधि त्यस्तो समिति गठन गर्दाका बखत मन्त्रालयले तोके बमोजिम हुनेछ।

(५) अध्यक्ष वा सदस्यको लागि उम्मेदवार सिफारिस गर्ने सम्बन्धी आधार, प्रक्रिया र सिफारिस समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>सदस्यको योग्यता</u>** : देहायको योग्यता पुगेको व्यक्ति समितिको अध्यक्ष वा सदस्यको रूपमा नियुक्ति हुन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको र नियुक्त हुँदाको बखत साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र वा वाणिज्य कानून विषयमा विद्यावारिधि उपाधि हासिल गरी राजस्व सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष अध्ययन वा अनुसन्धान वा

कार्य अनुभव भएको वा अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र वा वाणिज्य कानून विषयमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी राजस्व सम्बन्धी क्षेत्रमा कम्तीमा दश वर्ष अध्ययन वा अनुसन्धान वा कार्य अनुभव भएको,

(घ) उच्च नैतिकता कायम गरेको ।

६. <u>सदस्यको अयोग्यता</u>: दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति समितिको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन योग्य हुने छैनः-

(क) दफा ५ बमोजिमको योग्यता नपुगेको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध ओसार पसार तथा बिक्री वितरण, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) साहूको दामासाहीमा परेको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति"

भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

७. <u>पद रिक्त हुने अवस्थाः</u> (१) देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) अर्थ मन्त्री मार्फत नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ख) पदावधि पूरा भएमा,

(ग) दफा ८ को उपदफा (२) बमोजिम नेपाल सरकारले पदबाट हटाएमा,

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष वा कुनै सदस्यको पद रिक्त भएमा सो स्थानमा दफा ४ बमोजिमको प्रक्रिया पूरा गरी बाँकी अवधिको लगि अर्को अध्यक्ष वा सदस्य नियुक्ति गरिनेछ।

तर छ महिनाभन्दा कम अवधि बाँकी रहेको अवस्थामा अध्यक्ष वा सदस्य नियुक्त गर्दा पूरा पदावधिको लागि नियुक्त गर्नु पर्नेछ।

८. **पदावधिः** (१) अध्यक्ष वा सदस्यको पदावधि चार वर्षको हुनेछ र निज एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व नीति, कर सम्बन्धी नीति, कर संरचना र कार्य प्रक्रियाको सामयिक मूल्याङ्कन गरी उपयुक्त राजस्व प्रणाली विकास गर्न आवश्यक अध्ययन गर्ने वा गराउने,

(ख) राष्ट्रिय आर्थिक नीतिको आधारमा राजस्व नीति, कर नीति, कर संरचना र कार्य प्रक्रियाको सामयिक मूल्याङ्कन गरी उपयुक्त र व्यावहारिक कर प्रणाली विकास गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ग) लगानीमैत्री कर नीतिको विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने,

(घ) आन्तरिक स्रोतको सबलीकरण, करको दायरा विस्तार, कर छुट तथा दोहोरो करमुक्ति सम्झौताको प्रभाव विश्लेषण गर्ने, राजस्व सङ्कलनको योजना तथा प्रक्षेपण र राजस्व परिचालन आदि कार्यको निरन्तर अनुगमन र मूल्याङ्कन गरी नेपाल सरकारलाई वार्षिक बजेट तर्जुमाको लागि सुझाव दिने,

(ङ) नेपाल सरकारले लगाएका मौजुदा कर तथा गैरकर राजस्वका दरहरूको अन्तरसम्बन्ध, विश्वव्यापीकरण तथा द्विपक्षीय एवं बहुपक्षीय सन्धि सम्झौता समेतको अध्ययन एवं विश्लेषण गरी आवश्यक सुधारका लागि सिफारिस गर्ने,

(च) उद्योग, व्यापार, पर्यटन लगायत अन्य विभिन्न व्यवसायको विकास तथा विस्तारमा अनुकूल हुने राजस्व सम्बन्धी नीति तथा कार्यक्रमबारे नेपाल सरकारलाई राय सुझाव दिने,

(छ) नयाँ कर लागू गर्ने तथा कुनै कर खारेज गर्नु पर्ने भएमा अध्ययन अनुसन्धान एवं सम्बन्धित क्षेत्रका

विशेषज्ञ, उद्योगी, व्यवसायीसँग समेत छलफल गरी सुझाव लिने,

(ज) बजेट वक्तव्यमा उल्लेख भएका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको लागि सुझाव दिने,

(झ) विभिन्न स्रोतबाट उपलब्ध सूचना तथा अध्ययनको आधारमा आर्थिक विकाससँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय अर्थतन्त्रको अवस्थाको तुलनात्मक विश्लेषण गरी सुझाव दिने,

(ञ) राजस्व सम्बन्धी कानूनको प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको अध्ययन, अनुसन्धान गर्ने र कार्यान्वयनका लागि सुझाव दिने,

(ट) राजस्व सम्बन्धी कानूनमा संशोधन वा परिमार्जन वा सो सम्बन्धी नयाँ कानूनको आवश्यकता भएको विषयमा अध्ययन गरी सुझाव दिने,

(ठ) राजस्व प्रणालीको दीगो विकास गर्न तथा राजस्व प्रशासनलाई व्यवसायिक, सक्षम, सुदृढ र पारदर्शी बनाउन सङ्गठन संरचनामा गर्नु पर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(ड) अन्तर्राष्ट्रिय कर प्रणालीको अध्ययन गरी सोको आधारमा नेपालको कर

प्रणालीमा गर्नु पर्ने सुधारको सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव दिने,

(ढ) प्रदेश र स्थानीय तहबाट लगाइएको करको अध्ययन गरी राजस्व प्रशासनमा दोहोरोपन आउन नदिन गर्नु पर्ने कार्यको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ण) दीगो, पारदर्शी, प्रभावकारी तथा प्रगतिशिल कर प्रणालीको विकासको लागि सुझाव दिने,

(त) राजस्व प्रशासनका सम्बन्धमा पेश भएका विभिन्न सुझाव, अध्ययन प्रतिवेदन अध्ययन गरी सुझाव दिने,

(थ) नेपाल सरकारको राजस्व सम्बन्धी बौद्धिक केन्द्र (थिङ्क ट्याङ्क) को रूपमा रही काम गर्ने,

(द) अर्थशास्त्र, लेखा, व्यवस्थापन, वाणिज्य शास्त्र वा कानून विषयमा स्नातकोत्तर तहमा अध्ययन गरिरहेका विद्यार्थीलाई समावेश गरी समय-समयमा इन्टर्नसीप कार्यक्रम सञ्चालन गर्ने,

(ध) समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(न) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

१०. <u>**बैठक सम्बन्धी कार्यविधिः**</u> (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) अध्यक्ष र अर्को एक जना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ र त्यस्तो निर्णय समितिको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

११. <u>अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार</u>: (१) अध्यक्ष समितिको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) सदस्य समितिको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(३) अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. <u>पारिश्रमिक तथा सुविधा</u>: अध्यक्ष तथा सदस्यले मन्त्रालयको सिफारिसमा नेपाल सरकारले तोकिदिए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

१३. <u>सचिव</u>: (१) समितिको सचिवको रूपमा काम गर्न समितिमा निजामती सेवा अन्तर्गतको नेपाल प्रशासन सेवाको एक जना राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारी रहनेछ।

(२) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ग) समितिको वार्षिक योजना तथा बजेट तयार गर्ने वा गराउने,

(घ) अध्यक्षको निर्देशनमा समितिको बैठक बोलाउने,

(ङ) समितिले तोकेको अन्य कार्य गर्ने ।

१४. **<u>कर्मचारी</u>**: (१) समितिको दैनिक कार्य सम्पादनको लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) समितिको लागि आवश्यक पर्ने अधिकृत कर्मचारी नेपाल सरकारले उपलव्ध गराउनेछ।

(३) समितिको लागि आवश्यक पर्ने श्रेणी विहीन तथा सहायक स्तरका कर्मचारी समितिले करारमा नियुक्त गर्न सक्नेछ।

(४) समितिको काम कारबाहीमा कुनै विषयको विशेषज्ञको सेवा आवश्यक परेमा समितिले निश्चित अवधिका लागि आवधिक करारमा नियुक्ति गर्न सक्नेछ।

१५. **<u>समितिको कोष</u>**: (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा नेपाल सरकारबाट प्राप्त रकम रहनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको "क" वर्गको इजाजतपत्र प्राप्त कुनै बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) समितिको नाममा गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा कामको लागि खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको खाता अध्यक्ष वा निजले तोकेको समितिको वरिष्ठ अधिकृत कर्मचारी र समितिको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) समितिको कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा ढाँचा अनुसार राख्नु पर्नेछ।

(२) समितिले नेपाल सरकारले अपनाएको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण नेपाल सरकारले जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१७. **कार्यदल गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्यसम्पादन गर्नको लागि आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **विशेषज्ञको सूचीः** (१) समितिले राजस्व, लेखा, भन्सार, कर तथा गैरकर राजस्व सम्बन्धी कानून लगायतका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ वा संस्थाहरूको सूची बनाई अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा रहेका विशेषज्ञ वा संस्थामध्येबाट समितिले कुनै विशेषज्ञ वा संस्थालाई कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण गराउन सक्नेछ।

१९. <u>समितिको कार्यालय र नाम</u> : (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) समितिको कार्यालय "नेपाल राजस्व परामर्श समिति" को नामबाट प्रचलित हुनेछ र अङ्ग्रेजी भाषामा यसलाई "नेपाल रेभेन्यू एडभाइजरी बोर्ड" भनिनेछ।

२०. <u>अधिकार प्रत्यायोजन</u> : (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, दफा १७ बमोजिम गठित कार्यदल वा समितिको सचिव वा कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिका कुनै सदस्य वा समितिको सचिव वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. <u>सूचना र तथ्याङ्क उपलब्ध गराउनु पर्ने</u> : समितिलाई आवश्यक पर्ने सूचना र तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबै सरकारी निकायको कर्तव्य हुनेछ ।

२२. <u>वार्षिक प्रतिवेदन पेश गर्ने</u>: (१) समितिले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एक आर्थिक वर्षभित्रको समितिको वार्षिक नीति, योजना र कार्यक्रमको कार्यान्वयनको स्थिति, त्यसको उपलब्धि तथा लागत, समितिबाट भएको वार्षिक खर्चको

विवरण र समितिले सम्पादन गरेका अन्य प्रमुख कार्यहरू उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

२३. <u>**नेपाल सरकारसँग सम्पर्क**</u>: समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२४. <u>**नियम बनाउने अधिकार**</u>: यो आदेशको कार्यान्वयन गर्न समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

**आज्ञाले,**
**शिशिर कुमार ढुङ्गाना**
**नेपाल सरकारको सचिव**

अनुसूची - २

## नेपाल राजस्व परामर्श समिति

### चालु आर्थिक वर्ष २०७७/७८ को बार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना

१. कार्यालय स्थापना र संचालनका लागि भौतिक पूर्वाधार तयारी

- १.१ कार्यालय भवन रंगरोगन तथा मर्मत सुधार - भाद्र
- १.२ टेबुल/कुर्सी/दराज/सोफासेट - भाद्र
- १.३ पर्दा कार्पेट - भाद्र
- १.४ कम्प्युटर, प्रिन्टर, टेलिफोन, फोटोकपी मेशिन, प्रोजेक्टर लगायत आवश्यक मेशिन औजारहरु - असोज

२. कार्यालयको प्रशासनिक र कानूनी पूर्वाधार विकास

- २.१ कार्यालय स्थापनाको सार्वजनिकीकरण - भाद्र
- २.२ मानव संशाधन (जनशक्ति/कर्मचारी) व्यवस्थापन - भाद्र/असोज
- २.३ संगठन तथा व्यवस्थापन सर्भेक्षण - कार्तिक
- २.४ गठन आदेश संशोधन (प्रस्ताव) - मंसीर
- २.५ बोर्डको नियमावली तर्जुमा - मंसीर
- २.६ रिक्त सदस्यको पदपूर्ति - मंसीर
- २.७ राजस्व विज्ञहरुको रोष्टर तर्जुमा - मंसीर/पौष
- २.८ विज्ञहरु परिचालन - मंसीरबाट आवश्यकता अनुसार
- २.९ राजस्व परामर्श समितिको Online पत्रिका (News Letter) प्रकाशन - जेष्ठ/असार मसान्त
- २.१० Revenue Resource Center को अवधारणा तयारी र स्थापना - असार मसान्त

३. समन्वय वैठक संचालन

- ३.१ निजी क्षेत्र-उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्श, CNI, समुन्द्रपार निकासी/पैठारी संघ, हिमालय सीमापार व्यापार संघ जस्ता निकायहरुसंग अन्तर्क्रिया - मंसीर/पौष मसान्त
- ३.२ आर्थिक पत्रकार समाजसंग अन्तरक्रिया - पौष मसान्त
- ३.३ राजस्व विज्ञहरुसंग अन्तरक्रिया - कार्तिक मसान्त
- ३.४ राजस्व परिचालनसंग सम्बन्धित सरकारी

निकायहरुसंग अन्तरक्रिया - असोजबाट आवश्यकता अनुरुप

४. <u>अध्ययन, विश्लेषण तथा सिफारिश सम्बन्धी कार्य</u>

४.१ चालु आर्थिक वर्षको राजस्व नीति सम्बन्धी अध्ययन विश्लेषण - माघ मसान्त

४.२ पैठारी भएका प्रमुख वस्तुहरुको भन्सार मूल्याङ्कन (Valuation) सम्बन्धी अध्ययन विश्लेषण - फागुन मसान्त

४.३ चालु आ.व. को बजेट कार्यक्रम तथा कार्य योजना तयार गर्ने - भाद्र

४.४ अन्तःशुल्कको संरचना र खास खास वस्तुहरुको (Specific Products) अध्ययन, विश्लेषण - चैत्र मसान्त

४.५ SAARC Region मा मदीरा तथा सूर्तिजन्य वस्तुहरुमा लाग्ने करको तुलनात्मक अध्ययन विश्लेषण (प्रभाव र असर) - असार मसान्त

४.६ गैह्र कर राजस्वको (Selected Sector) प्रभावकारिता अध्ययन - चैत्र मसान्त

४.७ Online Business को कर दायरामा ल्याउने सम्बन्धी अध्ययन - फागुन मसान्त

४.८ घर जग्गा (Real Estate) को कारोवार एजेन्सी मार्फत गर्ने सम्बन्धी अध्ययन - चैत्र मसान्त

४.९ तीन तहकोसरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्बन्धी अध्ययन - चैत्र मसान्त

४.१० राजस्व नीति सम्बन्धी राष्ट्रिय छलफल/अन्तरक्रिया/गोष्ठी - फागुन मसान्त

४.११ विश्व विद्यालयहरुको पाठ्यक्रममा राजस्व नीति समावेश गर्ने सम्बन्धी अध्ययन - वैशाख मसान्त

५. <u>आगामी आर्थिक वर्षको राजस्व नीतिको सिफारिश तथा बार्षिक कार्यक्रमको तर्जुमा</u>

५.१ विषयगत सुझाव कार्यदल गठन - पौष मसान्त

५.२ सुझावहरु संकलन, स्थलगत छलफल र अन्तरक्रिया - फागुन मसान्त

- विराटनगर

- जनकपुर
- वीरगञ्ज
- पोखरा
- वुटवल/भैरहवा
- नेपालगञ्ज
- सुर्खेत
- धनगढी
- काठमाडौं/हेटौंडा

| | | | |
|---|---|---|---|
| ५.३ | कार्यदलहरुको प्रतिवेदन प्रस्तुतिकरण | - | फागुन मसान्त |
| ५.४ | कार्यदलको प्रतिवेदन प्राप्ती | - | चैत्र पहिलो हप्ता |
| ५.५ | समितिको प्रतिवेदन तयारी | - | वैशाख पहिलो हप्ता |
| ५.६ | मा. अर्थ मन्त्रीज्यू समक्ष प्रतिवेदन पेश | - | वैशाख मसान्त |
| ५.७ | Post Budget अध्ययन विश्लेषण | - | असार मसान्त |
| ५.८ | आगामी आ.व. को वजेट र कार्यक्रम तयारी | - | चैत्र मसान्त |

६. विश्व विद्यालय/कलेजहरुसंग सहकार्य गरी
इन्टर्न परिचालन (Support to Thesis)

| | | |
|---|---|---|
| • काठमाडौं विश्वविद्यालय (२) | - | वैशाख मसान्त |
| • त्रिभुवन विश्वविद्यालय (२) | - | वैशाख मसान्त |

# नेपाल राजस्व परामर्श समिति

## प्रदेश स्तरीय राजस्व नीति सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

**क) कार्यक्रमको उद्देश्य**

१. कर नीति, कर कानुन, करको संरचना र करका दरमा गर्नु पर्ने परिवर्तन तथा कार्य प्रकृया सरलीकरण र सुशासन प्रवर्द्धन जस्ता विषयमा प्रदेश एवं स्थानीय स्तरवाट राय सुझाव संकलन गर्ने ।

२. सहभागितामूलक अन्तर्क्रिया एवं छलफल गरी करको सचेतना अभिबृद्धि गर्दै कर सहभागिता र करको परिपालना अभिवद्धि गराउने ।

३. आगामी आर्थिक बर्ष २०७८/७९ को राजस्व नीति तर्जुमाका लागि राय, सुझाव र शिफारिस लिने ।

**ख) सहजीकरण समितिको गठन**

| | | |
|---|---|---|
| १. | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय (सम्बन्धित प्रदेश) | -संयोजक |
| २. | नेपाल उघोग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका प्रदेश स्तरीय संगठन प्रमुखहरु | -सदस्य |
| ३. | प्रदेश सदरमुकाम रहेका जिल्लाका नेपाल उघोग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका जिल्ला अध्यक्ष | -सदस्य |
| ४. | सम्बन्धित जिल्लाको भन्सार कार्यालयका प्रमुख | -सदस्य |
| ५. | सम्बन्धित जिल्लाको आन्तरिक राजस्व कार्यालयका प्रमुख | -सदस्य सचिव |

नोटः प्रदेश सदरमुकाम नभएको जिल्लामा आ.रा.का. को प्रमुख संयोजक र सोही कार्यालयको कर अधिकृत सदस्य सचिव रहनेछ ।

**ग) सहजीकरण समितिको जिम्मेवारी**

१. कार्यक्रम स्थल चयन (सम्भव भएसम्म सरकारी निकाय र उपयुक्त स्थान नभएमा होटल, पार्टी प्यालेस), सिट योजना र संवोधन गर्ने ब्यक्तित्व हरुको नामावली तयार गर्ने।

२. सहभागीहरुलाई उपस्थितिको लागि आमन्त्रण गर्ने ।

३. सहभागीहरुलाई चियापानको ब्यवस्था गर्ने। सो प्रयोजनको लागि लाग्ने खर्च र स्टेशनरी खर्चको लागत अनुमान तयार गरी पठाउने ।कार्यक्रम सम्पन्न भए पश्चात विल प्राप्त भएपछि नेपाल राजस्व परामर्श समितिबाट भुक्तानी गरिने । (*नोटः सहभागीहरुको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र वास खर्च समितिको तर्फबाट उपलब्ध नहुने ।*)

४. कार्यक्रम तर्जुमा गर्दा विहानको १०:३० बजेदेखी अपरान्ह ३ बजेसम्म गर्ने गरी कार्यक्रमको खाका तयार गर्ने ।

५. प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रमको समन्वय, सहजीकरण र समग्र ब्यवस्थापन गर्ने ।

घ) <u>कार्यक्रम समय तालिका (प्रस्तावित)</u>

- धनगढी २०७७/११/९ गते
- नेपालगन्ज २०७७/११/११ गते
- सुर्खेत २०७७/११/१२ गते
- विराटनगर २०७७/११/१६ गते
- जनकपुर २०७७/११/१८ गते
- वीरगन्ज २०७७/११/१९ गते
- हेटौंडा २०७७/११/२० गते
- पोखरा २०७७/११/२३ गते
- बुटवल २०७७/११/२५ गते
- काठमाडौं २०७७/१२/०३ गते

ङ) <u>सहभागी हुने निकाय</u>

- <u>प्रदेशबाट</u>
  - प्रदेश प्रमुख सचिव
  - प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय,
  - कार्यक्रम हुने स्थानीय निकाय (नगरपालिका) का प्रमुख प्रशासकीय अधिकृत,
  - यातायात व्यवस्था कार्यालयका प्रमुख,
  - मालपोत कार्यालयका प्रमुख,
  - प्रदेश स्थित प्रदेशस्तरीय र जिल्लाका उद्योग वाणिज्य संगठनका अध्यक्षहरु र कार्यसमितिका पदाधिकारीहरु, वस्तुगत एवं पेशागत समितिका पदाधिकारीहरु,
  - आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालय र कारदाता सेवा कार्यालयका प्रमुखहरु,
  - अनुमानित सहभागी संख्याः १०० जना
- <u>संघबाट</u>
  - अर्थ मन्त्रालय
  - नेपाल राजस्व परामर्श समिति,FNCCI,CNI, FNCSI, नेपाल चेम्वर अफ कमर्स एवं र अन्य उद्योग वाणिज्य एवं व्यापार सम्बद्ध प्रतिनिधिहरु

## च) <u>विविध</u>

१. कार्यक्रमको लागि आवश्यक समन्वय नेपाल राजस्व परामर्श समितिले गर्ने छ ।

२. व्यावसायिक क्षेत्रका अग्रणी संस्थाहरुलाई आवश्यक सहयोग र सहभागिताको लागि पहल गर्न अनुरोध गरिने छ ।

३. कार्यक्रममा नेपाल राजस्व परामर्श समिति र निजी क्षेत्र बाट विषयवस्तुमा संक्षिप्त प्रस्तुती रहने छ ।

## छ) <u>सम्पर्क</u>

सदस्य सचिव श्री भूमिराम शर्मा, मोवाइलः ९८५११३९७३३

उप सचिव श्री खेम नारायण रेग्मी, मोवाइलः ९८४६०२५८७५

इमेलः info@nrab.gov.np

फोनः ०१-४११७०४१

## नेपाल राजस्व परामर्श समिति

## राजस्व नीति र कर सुधार सम्बन्धी प्रतिबेदनका मुलभूत सुझावहरुको बूँदागत टिपोट

**१. नीतिगत सुझाव तथा सिफारिशहरू :**

